news 24 दैनिक

वर्ष १३ अंक १४ राष्ट्रिय दैनिक | ३ भदौ २०८२, मंगलबार भदौ कृष्ण एकादशी | नेपाल संवत् ११४५ | Tuesday 19 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ



**तीजको लहर आयो बरि लै :** काठमाडौंको टोखामा शुभलक्ष्मी महिला विकास समूह र अष्टावत्र योग साधना केन्द्रद्वारा आयोजित तीज शुभकामना कार्यक्रममा नाच्दै महिला। मादल बजाउँदै, गीत गाउने प्रतियोगिता पनि गर्दै र नाच्दै सहभागीले तीजको खुसी साटासाट गरेका छन्। तीज पर्वको एक महिना अघिदेखि काठमाडौंका विभिन्न ठाउँमा महिला भेटघाट र खानपिनका कार्यक्रम चलिरहेका छन्।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

## यो अंकमा



**नेपाल स्मार्ट मोबिलिटीको युगमा छ**

*उपभोक्ताको चासोलाई ध्यानमा राख्दै नाडाले आयातकर्ताहरूसँग मिलेर आफ्टर सेल्स सर्भिसलाई प्रभावकारी बनाउने विषय प्राथमिकतामा राखेको छ।*

- **रौतहटको चन्द्रपुरमा ४ करोड खर्चिएको बसपार्क सञ्चालनमा आएन**
- **नाडा अटोमा उड्ने ट्याक्सी प्रदर्शनीमा राखिँदै**
- **युवालाई न्यापले नचाउँदै, विद्रोहका भाव जगाउँदै**

## छोरी शिक्षा बीमा कार्यक्रम स्थगित

धनुषा। मधेश प्रदेश सरकारले सात वर्षअगाडि सञ्चालनमा ल्याएको मुख्यमन्त्रीले 'बेटी पढाउ बेटी बचाउ' योजनाअन्तर्गतको छोरी शिक्षा बीमा कार्यक्रम स्थगित भएको छ। सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट नदिएकाले कार्यक्रम स्थगित भएको शिक्षा विकास निर्देशनालयले जनाएको छ।

*बाँकी पृष्ठ २ मा...*

## 'नाडा अटो शो २०२५' आजदेखि

काठमाडौं (संवाददाता) - नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले आयोजना गरेको 'नाडा अटो शो २०२५' मंगलबार(आज)देखि सुरु हुँदैछ। काठमाडौंको भृकुटीमण्डपमा हुने सवारी सेलाको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने कार्यक्रम छ। 'गो फर मोर' नारा दिइएको अटो शोमा युनिट्री रोबट्स र डीपलको उड्ने कार मुख्य आकर्षण रहने छ।

नाडा अटो शोमा १९ वटा चार पांग्रे, १३ वटा हलुका व्यावसायिक र चार वटा दुई पांग्रे सवारीसाधनका ब्रान्डहरू लन्च गरिने भएको छ। साथै, मेलामा सवारीसाधनमा लाग्ने लुब्रिकेन्ट, टायर, ब्याट्री, ग्यारेज उपकरण र वित्तीय संस्था गरी ६० कम्पनीहरूका १२५ भन्दा बढी स्टलहरू रहनेछन्। प्रदर्शनीको अवलोकन एक लाख जनाभन्दा बढीले गर्ने आयोजकको अनुमान छ।

*(विस्तृत समाचार पृष्ठ ६ मा)*

### 'गौर हत्याकाण्ड' छानबिन गर्न परमादेश

# अनुसन्धानको बाटो १९ वर्षपछि खुला

**२०६३ चैत ७ मा गौरमा २७ माओवादी कार्यकर्ताको हत्या भएको थियो, अदालतको आदेशपछि अब अनुसन्धान अघि बढ्नेछ र प्रतिवेदन जिल्ला अदालतमा पेस गरिनेछ**





एआई सृजित चित्र

**भाषा शर्मा**
**काठमाडौं, भदौ २**

'म कार्यक्रमस्थलमा थिएँ। चारैतिरबाट गोली चल्न थाल्यो। आँखै अगाडि धेरै साथीले ज्यान गुमाए। कति साथीहरू घाइते भए। मेरो हात खुट्टा, ढाडमा चोट लागेको थियो। बल्लतल्ल भाग्न सफल भएँ' रौतहटको गौरमा भएको घटनाका एकजना घाइते साक्षी त्रिभुवन साह हुन्। १९ वर्षअघि भएको हत्याकाण्ड घटना उनका आँखाअघि अझै झल्झली छ। दोषीमाथि कार्बाहीको माग गर्दै घटनामा मारिएकाको परिवारसहित साहले २०६३ चैत २८ मा रौतहट जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएका थिए। प्रहरीले जाहेरी लियो, प्रक्रिया भने अगाडि बढाएन।

चर्चित रौतहट हत्याकाण्डमा २७ जना माओवादी कार्यकर्ताको हत्या भएको थियो भने १ सय १५ जना घाइते भएका थिए। 'हामीहरू कति माग गर्‍यौं, धर्नामा बस्यौं, ज्ञापनपत्र बुझायौं साध्य छैन,' साह सम्झन्छन्। प्रहरीले अनुसन्धान अघि नबढाएपछि अदालतमा मुद्दा दर्ता हुने कुरै भएन। अब उनको अन्तिम विकल्प सर्वोच्च अदालत थियो।

सर्वोच्चमा साहले २०८० जेठ १८ मा गौर घटनाको मुद्दा दर्ता हुनुपर्ने, घटनामा संलग्न दोषीलाई कारवाही हुनुपर्ने परमादेश माग गर्दै रिट निवेदन दर्ता गराएका थिए। उक्त रिट निवेदन दर्ताको दुई वर्षपछि सर्वोच्चले सोमबार परमादेश जारी गरेको छ। न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालय रौतहटको नाममा परमादेश जारी गरेको हो।

रिट निवेदनमा परमादेश जारी गर्नु भनेको निवेदकले मागेको कुरा पूरा हुनु हो। सर्वोच्चबाट लिखित आदेश सोमबार आउन सकेन।

सर्वोच्चका सहायक प्रवक्ता निराजन पाण्डेका अनुसार लिखित फैसला आइनसकेको र आउन समय लाग्नसक्ने जानकारी दिए। 'रिट निवेदनमा परमादेशको आदेश जारी भएको छ। मुद्दाको प्रक्रियालाई अघि बढाउन सहयोग पुग्ने' पाण्डेले बताए।

सर्वोच्चको परमादेशपछि अब दर्ता भएको जाहेरीको प्रक्रिया अघि बढ्ने निश्चित भएको छ। प्रहरीले अनुसन्धानपछि शुरु रौतहट जिल्ला अदालतमा मुद्दा दर्ता गर्नेछ। यो मुद्दा राजनीतिक अर्थात राजनीतिसँग सम्बन्धित भएको भन्दै दबाबमा अदालतमा दर्ता गर्न सकेको थिएन।

'अदालतमा मुद्दा दर्ता गरी पीडितले न्याय र दोषीलाई सजाय हुनुपर्ने माग छ,' निवेदक साह भन्छन्। उनले रिटमा रौतहट प्रहरी, सरकारी वकिल कार्यालय, प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालय लगायतलाई विपक्षी बनाएका थिए।

घटनापछि मानवअधिकार आयोगले स्थलगत अध्ययनपछि घटनामा मधेशी जनअधिकार फोरमका कार्यकर्ता दोषी देखिएको ठहर गरेको थियो। सर्वोच्चको परमादेशसँगै अब जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलगायतका नेतामाथि गौर हत्याकाण्डमा छानबिन गरी मुद्दा अघि बढ्ने भएको छ।

गौर हत्याकाण्डमा तत्कालीन फोरमका नेता एवम् पूर्वउपप्रधानमन्त्री यादव, पूर्वसभासद बबन सिंह, मधेश प्रदेशसभाका पूर्वसांसद बाबुलाल साहलगायत १ सय १३ जना जोडिएका छन्।

### यस्तो थियो गौर हत्याकाण्ड

२०६३ चैत ७ मा रौतहटको गौरमा रहेको राइस मिलमा तत्कालीन मधेसी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीले एकै स्थानमा छुट्टाछुट्टै दुईवटा मञ्च तयार पारी कार्यक्रम गरेका थिए। त्यसै कार्यक्रममा झडप हुँदा २७ जना माओवादी कार्यकर्ताको हत्या भएको थियो। आक्रमणमा १ सय १५ जना घाइते भएका थिए। घटना हुनुमा तत्कालीन फोरमका अध्यक्ष यादवसहितको जिम्मेवारी रहेको टिप्पणी हुँदै आएको छ।

दुवै पक्षले एकै दिन, एउटै स्थानमा कार्यक्रम आयोजना गरेपछि स्थानीय जिल्ला प्रशासन कार्यालयले दुवै पक्षसँग छुट्टाछुट्टै कार्यक्रम गर्न अनुरोध गरेको थियो। तर, आयोजकहरूले अनुरोध सुन्नुको साटो दुवैतर्फ कार्यकर्ता उतारेका थिए।

घटनापछि राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अनुगमन गरेको थियो। त्यसबेला आयोगले तयार पारेको प्रतिवेदनमा फोरमको कार्यक्रममा सहभागी भएकामध्ये केही कार्यकर्ताले माओवादीले बनाएको

**घटनापछि शव काठमाडौं ल्याएर पोष्टमार्टम र अन्त्येष्टि गरिएको थियो। पीडितहरूले गौरस्थित जिल्ला प्रहरीमा किटानी जाहेरी दिए। तर, प्रहरीले अनुसन्धान नै गरेन, दोषीमाथि कारबाही गर्न सरकारले ध्यान दिएन**

मञ्च तोडफोडसहित भत्काउन थालेको उल्लेख छ। त्यसपछि, नगर परिक्रमा गरी कार्यक्रमस्थल आउँदै गरेका माओवादीको मधेशी मुक्ति मोर्चाका कार्यकर्ताले हवाई फायर गरेपछि फोरमका कार्यकर्ता भागेका थिए। 'मञ्च तोडफोडबाट शुरु भएको हवाई फायर र भागदौडपछि भिडन्तमा परिणत भयो।

भागदौड मच्चिएका बेला फोरमका तर्फबाट पनि गोली चलेको थियो,' आयोगको प्रतिवेदन भन्छ, 'फोरम तर्फबाट माओवादीहरूलाई पूर्व तयारी गरी नियोजित रूपमा नियन्त्रणमा लिई भएको क्रियाकलाप अमानवीय र क्रूर हुन पुगेको देखिन्छ।' प्रतिकारमा पूर्वतयारीका साथ आएका फोरमका कार्यकर्ताहरूले माओवादी कार्यकर्तालाई नियन्त्रणमा लिएर हत्या गरेको उल्लेख छ। घटनामा २७ जना मारिएका थिए। तर, पीडित परिवारले २८ जनाको ज्यान गएको दाबी गरेका छन्। घटनास्थलमा ६ जनाको शव भेटिएको थियो भने त्यसभन्दा ६/७ किलोमिटर टाढा १२ जनाको शव एकै ठाउँमा भेटिएको थियो। घटनापछि शव घटनास्थल छरपष्ट थिए।

घटनापछि मृतकको शव काठमाडौं ल्याएर पोष्टमार्टम र अन्तिम संस्कार गरिएको थियो। पीडितहरूले गौरस्थित जिल्ला प्रहरी कार्यालयमा घटनामा संलग्नहरूको नामै किटेर जाहेरी दिए। तर, प्रहरीले अनुसन्धान अघि बढायो, न दोषीमाथि कारबाही भयो।

*बाँकी पृष्ठ २ मा...*





अनावश्यक हरियाली : विश्व सम्पदामा सूचीकृत हनुमानढोका दरबार क्षेत्रका मन्दिरहरूमा अहिले झार पलाएको छ। दैनिक उल्लेख्य संख्यामा आन्तरिक र बाह्य पर्यटकको उपस्थिति रहने यी क्षेत्रका माजु देगः, दश अवतार मन्दिर, काष्ठमण्डप लगायतका सम्पदाका चछानाहरुमा झार बढेर हरियै हुँदा स्वरुप नै अर्कै देखिएको छ। हनुमानढोका दरबार संग्रहालय विकास समिति र काठमाडौं महानगरपालिका सम्पदाहरूको झार सफा गर्न वर्षा थामिने दिन पर्खिरहेका छन्। *तस्बिर : सफल प्रकाश श्रेष्ठ/ नेपाल फोटो लाइब्रेरी*

# आधा दर्जन मुद्दाको चाङ, एउटामा धरौटी अरूमा थुना

news24
**काठमाडौं, भदौ २**

विशेष अदालतले एकैपटकमा ६ वटा भ्रष्टाचार मुद्दा खेपिरहेका नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेललाई एउटा मुद्दामा ५० हजार रुपैयाँ धरौटीमा छाड्न सोमबार आदेश गरेपनि उनी छुट्न सकेनन्।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश टेकनारायण कुँवर, न्यायाधीशहरू रितेन्द्र थापा, विदुर कोइरालाको इजलासले टेलिकममा उपकरण खरिदमा भएको अनियमितता सम्बन्धी भ्रष्टाचार मुद्दामा धरौटीमा छाड्न आदेश गरेको थियो। तर, यसअघि नेपाल टेलिकमकै अर्को मुद्दामा दोषी ठहर भएर थुनामै रहेका कारण उनी छुट्न पाएनन्।


२०८० माघ ९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानका लागि भन्दै नियन्त्रणमा लिएको थियो। त्यसयता उनी थुनामै रहेका छन्। विशेष अदालतले पहिलोपटक पौडेललाई ७ दिन थुनामा राख्ने अनुमति दिएको छ। उनका भ्रष्टाचारसँग सम्बन्धित चारवटा मुद्दा विशेष अदालतमै विचाराधीन छन्।

अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीका अनुसार उनलाई टेलिकमको बिलिङ सिस्टम खरिदसम्बन्धी भ्रष्टाचार मुद्दामा बुधबार बयानका लागि बोलाइएको छ। पौडेलसँग सम्बन्धित गैरकानूनी सम्पत्ति, घूस रिसवत र टेलिकमको उपरकरण, बिलिङ खरिद सम्बन्धमा परेको भ्रष्टाचार मुद्दा विचाराधीन रहेको रेग्मीले बताए। 'टेलिकमकै उपकरण खरिदको मुद्दामा ५० हजार रुपैयाँ धरौटी माग्ने आदेश भएको छ। तर, अघिल्लो मुद्दामा जेल सजायमा रहेका कारण छुट्न मिलेन,' रेग्मीले भने। पौडेल हाल डिल्लीबजार कारागारमा छन्।

अख्तियारले २०८१ माघ २४ मा राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशकको पदमा रहँदा खरिदमा संलग्न कम्पनीहरूबाट घुस लिएको आरोप लगाउँदै अर्को मुद्दा दर्ता गरेको थियो। अख्तियारले ३ करोड ८ लाख रुपैयाँ घूस लिएको आरोपको मुद्दा छिनिन बाँकी नै छ। एफ-५ कम्पनीका प्रतिनिधि दीपक आनन्दसँगको मिलेमतोमा ठेक्कापट्टा गरेको र त्यसबापत घूस लिएको अख्तियारको आरोप छ।

एउटा मुद्दामा २०८१ वैशाख ८ मा सुनिल पौडेल 'नेसनल गेट वे' खरिद घोटाला प्रकरणमा दोषी ठहर भइसकेका छन्। न्याधाधीशहरू टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको इजलासले ९ वर्ष कैद र २३ करोड २७ लाख रुपैयाँ असुल्नुपर्ने ठहर गर्दै पौडेललाई दोषी ठहर गरेको थियो। सोही मुद्दामा पूर्वअर्थसचिव मधुकुमार मरासिनीसहित आठजनालाई अदालतले सफाइ दिएको थियो। अख्तियारले मुद्दा दर्ता गरेकामध्ये खरिदको समयमा एनआईटीसीका तत्कालीन कार्यकारी निर्देशकहरू सञ्जय शर्मा, प्रणिता उपाध्याय, सहायक निर्देशक रमेशप्रसाद पोखरेल, तत्कालीन लेखा अधिकृतहरू निमबहादुर वली, रामबहादुर बूढा र कम्प्युटर इन्जिनियर रामशरण गायकले सफाइ पाएका थिए।

अदालतले खरिद प्रक्रिया शुरु गर्दा पौडेल राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी) को उपनिर्देशक रहेको र उनकै नेतृत्वमा सफ्टवेयर खरिदमा प्राविधिक सम्भाव्यता अध्ययन गरिएको फैसलामा उल्लेख गरेको थियो। 'परामर्श सेवा खरिदका लागि प्रतिवादी सुनिल पौडेलले एनटीआईसीका तर्फबाट कार्यकारी निर्देशकको हैसियतमा सीएमए स्मल सिस्टम एबीसँग परामर्श सेवा खरिद गर्ने सम्झौता गरेको पाइन्छ,' उनलाई दोषी ठहर गरिएको फैसलामा भनिएको छ, 'तत्पश्चात् परामर्श सेवा गरी प्रतिवादीले संस्थाको प्रमुखको हैसियतमा भुक्तानी दिने आदेश गरी २३ करोड २७ लाख ५८ हजार ७७ भुक्तानी गरेको देखिन्छ।' गैरकानूनी सम्पत्ति आर्जनको अभियोगमा अख्तियारले पौडेललाई २३ करोड ७५ लाख बिगो मागदाबी गर्दै मुद्दा दर्ता गरिसकेको छ। जुन मुद्दा विचाराधीन छ।



एआई सृजित चित्र

**राष्ट्रिय पेमेन्ट गेटवे घोटालामा ९ वर्ष कैद र २३ करोडभन्दा बढी असुल्ने सजाय भोग्दै, गैरकानूनी सम्पत्ति आर्जन, घुस-रिसवतसहित चार मुद्दा अझै विशेष अदालतमै विचाराधीन**

**एउटा मुद्दामा ५० हजार धरौटीमा छाड्न आदेश, एनआईटीसीमा कार्यकारी निर्देशक हुँदा घुस लिएको आरोपमा नयाँ मुद्दा दर्ता डिल्लीबजार जेलमा रहेका पौडेललाई बिलिङ सिस्टम भ्रष्टाचारमा बयानका लागि फेरि बोलाइयो**

# प्रसाईंले गरे पार्टी खोल्ने घोषणा



news24
**काठमाडौं, भदौ २**

विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले नयाँ राजनीतिक दल खोल्ने घोषणा गरेका छन्। दुई साताअघि मात्रै डिल्लीबजार कारागारबाट छुटेका उनले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै अब अभियानमात्र नभई औपचारिक राजनीतिक संगठनमार्फत सक्रिय हुने बताएका हुन्।

उनले विगतमा आफ्नो अभियानलाई रोक्ने प्रयास, कोठामा ताला लगाउने जस्ता अवरोधहरूले आफूलाई राजनीतिक विकल्प रोज्न बाध्य बनाएको दाबी गर्दै नेपाल र नेपालीलाई पहिलो प्राथमिकतामा राख्ने दाबी गरेका छन्।

प्रसाईंले आफूलाई राजनीतिक चेत बोकेको सफल व्यवसायीका रूपमा प्रस्तुत गर्दै अबको जीवन परिवारभन्दा पनि मुलुकलाई समर्पित हुने बताए। उनका अनुसार विगतमा 'अभियान' भन्ने नाममा आफू र आफ्ना साथीहरूलाई दबाब, धम्की र कानूनी प्रक्रियामार्फत रोक्ने गरिएको थियो। उनले भने, 'अब अभियानलाई मात्र सीमित राखेर सम्भव छैन। त्यसैले, हामीले राजनीतिक शक्ति निर्माण गर्ने निष्कर्षमा पुगेका छौं।' केही समयभित्र दलको नाम सार्वजनिक गर्ने उनले बताए।

चैत १५ को राजावादी प्रदर्शनको विषयमा उनले पत्रकार सम्मेलनमा आफूमाथि राप्रपाले घात गरेको आरोप लगाए। उनले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको आलोचना गरे।

प्रसाईं केही वर्षयता निरन्तर विवाद र चर्चामा रहने व्यवसायी हुन्। विशेषगरी बैंक तथा वित्तीय संस्थाविरुद्ध उनले चलाएको ऋण नतिर्ने अभियानले उनलाई राष्ट्रियस्तरमा चर्चित बनाएको हो। एकपटक उनले काठमाडौंमा 'मेगा अभियान' भन्दै बैंक तथा वित्तीय संस्थाको कर्जा असुली प्रक्रियाविरुद्ध विरोध प्रदर्शनको कार्यक्रम राखेका थिए। त्यसले बैंकिङ क्षेत्रमात्र नभई सरकारले समेत चासो दिनुपर्ने परिस्थिति सिर्जना गरेको थियो। त्यसबेला गृह मन्त्रालयले यस्तो अभियान आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पार्ने भन्दै रोक्न निर्देशन दिएको थियो। त्यसयता प्रसाईं कहिले व्यापारी, कहिले समाजसेवी, कहिले राष्ट्रवादी अभियानकर्मी त कहिले प्रमुख राजनीतिक दलको कट्टर आलोचकका रूपमा देखापर्दै आएका छन्। तर, यी सबै गतिविधिहरूले उनलाई कानूनी धरापमा पारेको छ।

ऋण नतिर्ने अभियानपछि प्रसाईंले राष्ट्रवाद र हिन्दुवादी विचारमा आधारित कार्यक्रमहरू सञ्चालन गर्न थालेका थिए। जनकपुरमा उनले आयोजना गरेको एक कार्यक्रममा शिव सेना, हिन्दु सम्राट सेना नेपालदेखि 'नेपालका लागि नेपाली' नामक समूहसम्म सहभागी भएका थिए। त्यही कार्यक्रममार्फत उनले आफूलाई केवल व्यवसायी वा सामाजिक अभियन्ता नभई राजनीतिक विकल्पका रूपमा प्रस्तुत गर्न थालेका थिए।

उनका गतिविधिहरूले लगातार विवादित रह्यो। सम्पत्ति शुद्धीकरण विभागले उनको व्यावसायिक क्रियाकलापबारे अनुसन्धान सुरु गर्‍यो। दुबईमा कम्पनी खोलेर अवैधरूपमा रकम सारिएको आशंकामा पनि उनीमाथि छानबिन भएको थियो। गत चैतमा काठमाडौंको तीनकुनेमा भएको राजसंस्था समर्थित प्रदर्शन हिंसात्मक भएपछि भने उनलाई प्रहरीले पक्राउ गरेको थियो। राजावादी समूहको अभियानका कमान्डर भन्दै झापाबाट पक्राउ गरेर काठमाडौं ल्याइएका उनी १४ दिनपछि उनी अदालती आदेशमा धरौटीमा थुनामुक्त भएका हुन्।

यस बीचमा उनी एमालेसँग निकट थिए। उक्त पार्टीको केन्द्रीय सदस्य बनाए पनि एमालेले उनलाई चुनावको टिकट भने दिएन। पार्टी राजनीतिमा प्रत्यक्ष अभ्यास गरे पनि पछि अलग्गिएका हुन्। एमाले भित्रको भूमिका भन्दा बाहिरको अभियानमै बढी सक्रिय रहँदा उनले आफूलाई स्वतन्त्र प्रभावशाली पात्रका रूपमा स्थापित गर्न खोज्दै आएका छन्।

उनी गत साउन १९ मा उच्च अदालत पाटनको आदेशमा डिल्लीबजार कारागारबाट २८ लाख रुपैयाँ धरौटीमा रिहा छुटेका हुन्। थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेश उल्ट्याउँदै न्यायाधीशद्वय टंकप्रसाद गुरुङ र डिल्लीरत्न श्रेष्ठको इजलासले उनलाई धरौटीमा छाड्न आदेश दिएको थियो। चैत १५ मा काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनका क्रममा भएका तोडफोड र आगजनीमा पत्रकार सुरेश रजक र यातायात मजदुर सविन महर्जनको ज्यान गएको थियो। उक्त घटनाका मुख्य नाइके भएको आरोपमा प्रसाईंमाथि मुद्दा दायर भएको थियो। जिल्ला सरकारी वकिलको कार्यालयले उनीमाथि राज्यविरुद्धको कसुरसहित विभिन्न पाँच मुद्दा दायर गरेको थियो। गत चैत अन्तिम साता झापाबाट पक्राउ गरेर ल्याइएका उनलाई गत जेठ ३० मा जिल्ला अदालत काठमाडौंले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो।

तीनकुने घटनामा उनीसँगै ५० जनाविरुद्ध राज्यविरुद्धसमेतको कसुरमा जिल्ला अदालतमा अभियोजन थियो। प्रसाईंसहित ३९ जना हिरासतमा थिए। धरौटीमा छुटेलगत्तै उनले पुनः सक्रिय हुने संकेत गरेका थिए। सोमबारको पत्रकार सम्मेलनमार्फत उनले औपचारिक रूपमा राजनीतिक दल बनाउने घोषणा गरेपछि अब व्यक्तिगत अभियानभन्दा संस्थागत राजनीतिकतर्फ चासो बढेको प्रष्ट भएको छ। प्रसाईंले यसअघि अभियानमार्फत ठूलो संख्यामा समर्थक बटुले पनि संगठनात्मक संरचनाको अभावमा ती गतिविधिहरू अस्थायीरूपमा सीमित थिए।

## छोरी शिक्षा...

निर्देशनालयका छोरी शिक्षा बीमा कार्यक्रमका संयोजक प्रियंका यादवले बजेट अभावमा उक्त कार्यक्रम हाल स्थगित भएको बताइन्। निर्देशनालयबाट प्राप्त विवरणअनुसार छोरी शिक्षा बीमा कार्यक्रमअन्तर्गत हालसम्म १४ हजार ४५३ जना छोरीको बीमा गरिएको छ।

कार्यक्रम संयोजक यादवका अनुसार आव २०७५/७६ मा ५ हजार ६ सय ६६, आव २०७८/७९ मा १ हजार ७ सय २, आव २०७९/८० मा ३ हजार ३ सय २ र आव २०८०/८१ मा ३ हजार ७ सय ८३ जना छोरीको बीमा गरिएको थियो।

हाल १० हजार छोरीको बीमाको प्रिमियम तिर्न बाँकी छ। कार्यक्रमअन्तर्गत एक जनाको बीमा गर्दा ३७ हजार ४ सय ५७ रुपैयाँ ३७ पैसा प्रिमियम तिर्नुपर्छ। रासस

## अनुसन्धानको बाटो...

'फोरमका कार्यकर्ताबाट मानिसको बाँच्न पाउने अधिकारको हनन भएको छ,' गौर घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनको निचोडमा भनेको छ– 'आफ्नो नियन्त्रणमा वा कब्जामा लिइसकेका व्यक्तिहरूलाई कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा प्रचलित संविधान बमोजिम ज्यान मार्ने काम अपराध ठहरिने हुँदा फोरम कार्यकर्ताहरूले माओवादी कार्यकर्ताको ज्यान मारेको देखिएकाले सो कार्य अपराध ठहर्ने देखिन्छ।'

'सबै व्यक्तिलाई लखेटेर नियन्त्रणमा लिई 'पाशविक तरिका'ले हत्या गरिएको थियो। मारिएका कतिपय व्यक्तिहरूको संवेदनशील अंगमा प्रहार गरिएको थियो। प्रायःजसो शवको टाउकोमा भाटा प्रहारका कारण गहिरो घाउ, रगत बगेको लगायत कारणले मृत्यु भएको पोष्टमार्टम रिपोर्टमा उल्लेख थियो' स्थानीय बासिन्दा र प्रहरीलाई उद्धृत गर्दै मानवअधिकार आयोगको प्रतिवेदनले भनेको छ।

मारिएका व्यक्तिलाई संवेदनशील अंगमा आक्रमण भएको, हत्याको तौरतरिका एउटै खालको भएको उल्लेख छ। 'अपरिचित व्यक्तिहरूलाई लखेटी-लखेटी घरेलु हतियारले मारेको भेटिएको थियो। कतिपयलाई जलाइएको र मारिसकेपछि समेत बुद्धिमाई मन्दिर वरपर शव घुमाई मूर्तिमा रगत चढाएको भेटिएको थियो। घटना पूर्वनियोजित, मनसाययुक्त र क्रूर तरिकाबाट घटाइएको देखियो।'

आयोगले कार्यक्रमको आयोजना गर्ने तत्कालीन माओवादी र मधेशी जनअधिकार फोरमका नेतृत्वले कुनै पहल नगरेको ठहराएको थियो। २०७९ पुस १९ मा आयोगले 'यस्ता खालका घटना नदोहोर्‍याउन तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल, सोही पार्टीका तत्कलीन नेता एवम् मधेशी मुक्तिमोर्चाका तत्कालीन महासचिव प्रभु साह, सोही पार्टीका पूर्व जनसरकार प्रमुख विन्देश्वर यादव र तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसमेतलाई ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको थियो।

त्यसबेला माओवादी भर्खरै खुला राजनीतिमा आएर पार्टीका जातीय मोर्चा संगठित गरिरहेको थियो, यादवले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम मधेसमा प्रमुख दललाई धक्का दिने नयाँ शक्तिका रुपमा उदाएको थियो। पटक-पटक गठबन्धनमा रमाएर सरकारको नेतृत्व गरे पनि माओवादीले उक्त घटनालाई राजनीतिक रङ दिएर छानबिन र कारबाहीमा उपेक्षा गर्दै रह्यो। यादवको दल एकीकरण र टुटफुट बेहोर्दै सत्तामा बाहिरभित्र गर्दै रह्यो, उक्त घटनाबारे बोल्दै बोलेन।

## आजको राशिफल

- **मेष**: दिन साहसिक कार्यका लागि अनुकूल छ। रोकिएका काम बन्ने सम्भावना छ। तर वाणीमा कठोरता आउन सक्छ, सावधानी अपनाउनुहोस्।
- **वृष**: आर्थिक लाभ हुने योग छ। परिवारमा खुसी छाउनेछ। अध्ययन-शिक्षामा प्रगति हुनेछ। तर साथीभाइसँग विवाद हुनसक्छ, धैर्य गर्नुहोस्।
- **मिथुन**: यात्रा शुभ रहनेछ। व्यापार-व्यवसायमा नाफा बढ्नेछ। प्रेम सम्बन्ध मधुर बन्नेछ। स्वास्थ्यमा भने समस्या आउन सक्छ।
- **कर्कट**: घर-परिवारमा सुख शान्ति रहनेछ। धार्मिक वा सामाजिक काममा मन जानेछ। खर्च बढ्नेछ। फजुल ठाउँ लगानीबाट जोगिनुहोला।
- **सिंह**: नयाँ काममा सफलता पाइनेछ। सरकारी वा सामाजिक क्षेत्रमा मान-सम्मान मिल्ने योग छ। रीसलाई नियन्त्रण राख्नु उपयुक्त हुन्छ।
- **कन्या**: अध्ययन अध्यापनमा प्रगति हुनेछ। शुभ समाचार सुन्न पाइनेछ। नयाँ योजना सफल हुने सम्भावना छ। छिटपुट खर्च बढ्न सक्छ।
- **तुला**: नोकरी वा व्यापारमा सुधार हुनेछ। अरूलाई सहयोग गर्दा आत्मसन्तुष्टि मिल्नेछ। निर्णय गर्दा भने सोचविचार आवश्यक छ।
- **वृश्चिक**: दिन शुभ रहला। धनलाभ हुने योग छ। साथी वा आफन्तसँग सुखद भेटघाट हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ।
- **धनु**: नयाँ अवसर पाइनेछ। जागिरमा प्रशंसा मिल्नेछ। वैवाहिक सम्बन्धमा निकटता बढ्नेछ। तर अनावश्यक यात्राबाट बच्नुहोस्।
- **मकर**: समय मध्यम छ। मेहनत गर्दा राम्रो फल पाइनेछ। घर-परिवारमा सामान्य समस्या आउन सक्छ। आत्मविश्वास कायम राख्नुहोस्।
- **कुम्भ**: आकस्मिक धनलाभ हुने योग छ। अध्ययन वा सिर्जनात्मक क्षेत्रमा सफलता मिल्नेछ। साथीहरूको साथ पाइनेछ।
- **मीन**: शुभ काममा हात हाल्न सकिन्छ। पारिवारिक जीवन सुखमय बन्नेछ। व्यापार-व्यवसायमा नाफा हुने संकेत छ।

# करोडौं खर्चिएको बसपार्क अलपत्र

**बाल विक्रम कार्की**
**रौतहट, भदौ २**

संघीय सरकारको चार करोड लगानीमा निर्माण गरिएको रौतहटको चन्द्रपुर बसपार्क अझै अलपत्र परेको छ। बसपार्क सञ्चालन हुन नसक्दा घाँस उम्रिन थालिसकेको छ।

गत आर्थिक वर्षमा नेपाल सरकारको करिब ४ करोड लगानीमा बन्द रहेको बसपार्कलाई पुनः निर्माण गर्दै आधुनिक बनाइएको छ। निर्माण कम्पनीले आधुनिक बसपार्कको निर्माण सम्पन्न गरेर गत फागुन १५ गते चन्द्रपुर नगरपालिकालाई हस्तान्तरण गरेको थियो। हस्तान्तरणमा नगर प्रमुख सञ्जय काफ्लेले चाँडै नै बसपार्क सञ्चालनमा ल्याइने र चन्द्रनिगाहपुरको ट्राफिक समस्यालाई समाधान गरिने जनाएका थिए।

पहिलो पटक २०६९ असोज १५ गते स्थानीयको सहयोगमा तथा इलाका प्रशासन कार्यालयको पहलमा सो बसपार्क उद्घाटन भएको थियो। उद्घाटनसँगै सञ्चालनमा आएको बसपार्क केही महिनामै बन्द भएको थियो। सवारी धनीहरूले सुरक्षाको कारण देखाउँदै सो स्थानमा सवारी-साधन लैजान छाडेपछि बन्द थियो।

त्यो बेला बसपार्क निर्माणमा कति लगानी गरिएको थियो, त्यसको



यकिन तथ्यांक कसैसँग छैन। त्यसपछिका १३ वर्ष बिते, बसपार्क सञ्चालन हुन सकेको छैन।

यसपछि, पनि बसपार्कलाई नगरपालिकासमक्ष हस्तान्तरण गरिएको ६ महिना बितिसकेको छ। नगरपालिकाले सञ्चालनमा कुनै चासो नदेखाएको भन्दै स्थानीय रुष्ट छन्। अहिले बसपार्कमा घाँस उम्रिएको छ। मर्मत सम्भार नगरे बसपार्क झाडीमा परिणत हुने स्थानीयको चिन्ता छ।

चन्द्रपुर नगर उद्योग वाणिज्य संघ रौतहटका पूर्वअध्यक्ष वासुदेव अधिकारीले बसपार्कमा सवारी पार्क नगरिँदा जथाभावी सडकमै अस्तव्यस्त राखिएको देखिन्छ। बसपार्क यथाशक्य चाँडो सञ्चालन गर्न स्थानीय सरकारले पहल गर्नुपर्ने अधिकारीले बताए।

चन्द्रपुर नगरपालिकाको वडा नम्बर ४ टेकानमा रहेको बसपार्क करिब २ बिघा पाँचकठ्ठा क्षेत्रफलमा फैलिएको छ। सो बस पार्कमा १५० भन्दा बढी सवारी-साधन पार्किङ गर्ने क्षमता छ। बसपार्कमा चार्जिङ स्टेशन, शौचालय, व्यावसायिक सटर, बगैंचासहितको आधुनिक सुविधा छ, तर कसैलाई पनि यी सुविधा उपभोग गर्ने चाँसो छैन। बसपार्क खाली छ। राजमार्ग, चन्द्रनिगाहपुर चोक र गौर रोड दुवैतिर अव्यवस्थित रूपमा सवारी पार्क गर्ने गरिएको छ।

अव्यवस्था कतिसम्म छ भने सडकमै टेबुल राखेर टिकट काउन्टर चलाउने गरिएको छ। यस्तो व्यवहारले दुर्घटनाको जोखिम बढाएको रौतहट प्रहरी कार्यालयका प्रमुख लोकेन्द्र अधिकारीले बताए। 'बसपार्क लामा तथा छोटा दूरीका यात्रुवाहक सवारी-साधनहरू रोक्ने व्यवस्था गर्न सके चन्द्रनिगाहपुर चोक र बजार क्षेत्रका राजमार्गहरू खुल्ला रहन्थे,' उनले भने, 'जसले गर्दा सवारी दुर्घटनामा कमी र ट्राफिक व्यवस्थापनमा सहज हुन्थ्यो, शहरी सौन्दर्य पनि बढ्ने थियो।'

उता स्थानीय व्यवसायीहरू पनि पसलअगाडि अव्यवस्थित रूपमा साधन पार्किङ गर्नाले व्यवसायलाई नकारात्मक असर परिरहेको गुनासो गर्छन्। सवारी व्यवसायीहरू भने सुरक्षाको सुनिश्चितता र ठोस कार्ययोजनासहित नगरपालिका आए आफ्ना सवारीहरू लैजान तयार रहेको बताउँदै आएका छन्।

नगरप्रमुख काफ्लेले बसपार्क सञ्चालनका लागि मापदण्ड बनाइसकेको र ढिलोमा असोज १ गतेसम्ममा सञ्चालनमा ल्याउने बताए। 'हामी गृहकार्य गर्दैछौं,' नगर प्रमुख काफ्लेले भने, 'बसपार्क सुरक्षा, विद्युत् लगायतको सुविधाका लागि हामी लागिपरेका छौं। चाँडै नै सर्वपक्षीय छलफल गरेर सबैले अपनत्व लिने गरी सञ्चालन गर्छौं।'

बढी क्षमताको चार्जिङ मेसिन राख्ने, यात्रुवाहकसँगै मालवाहक सवारी-साधनहरूसमेत राख्ने होल्डिङ सेन्टर बनाउने योजना रहेको पनि उनले सुनाए।

# सयौं नक्कली प्रमाणपत्रसहित भारतीय पक्राउ

**प्रकाश न्यौपाने**
**भैरहवा, भदौ २**

रुपन्देही प्रहरीले हजारौं नक्कली सर्टिफिकेटसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको कानपुर नौवस्ती बस्ने २५ वर्षीय अभिषेक यादव छन्। उनका साथबाट नेपाली तथा भारतीय विश्वविद्यालयका नक्कली कागजात र ती बनाउन प्रयोग हुने सामग्रीहरू बरामद गरिएको हो। जिल्ला प्रहरी कार्यालय रुपन्देही र इलाका प्रहरी कार्यालय बेलहियाको संयुक्त टोलीले गोप्य सूचनाका आधारमा यादवलाई आइतबार साँझ सीमा क्षेत्र सिद्धार्थनगर-१, बेलहियाबाट यादवलाई पक्राउ गरेको रुपन्देही प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए।



यादवसँग त्रिभुवन विश्वविद्यालयका एक सय थान ट्रान्सक्रिप्ट र ३६ वटा खाली प्रमाणपत्रहरू फेला पारेको छ। यस्तै, विभिन्न शैक्षिक संस्थाका तीनवटा नक्कली र ५ वटा छापहरू, त्रिभुवन विश्वविद्यालयको ४ हजार ४० थान होलोग्राम, उच्च माध्यमिक शिक्षा परिषद्को २ हजार थान होलोग्राम, राष्ट्रिय परीक्षा बोर्डको १ हजार ७ सय थान नक्कली होलोग्राम र स्टिकरहरू प्रहरीले बरामद गरेको छ।

यसैगरी, भारतको एमीटी विश्वविद्यालयका ८० वटा नक्कली मार्कसिट, ४० वटा प्रोभिजनल सर्टिफिकेट, ६० वटा क्यारेक्टर सर्टिफिकेट र ४९ वटा अन्य खाली प्रमाणपत्रहरू र ४० वटा खाली लोगो फेला परेको छ। भारतकै जवाहरलाल नेहरू टेक्निकल युनिभर्सिटि हैदराबाद, छत्रपति साहूजी महाराज युनिभर्सिटी, कानपूर, असम उच्च माध्यमिक शिक्षा परिषद्, कुरुक्षेत्र विश्वविद्यालय, आन्ध्र विश्वविद्यालय सहित अवैध कारोबारका लागि प्रयोग भइरहेका विभिन्न विश्वविद्यालय तथा कार्यालयहरूको नाम लेखिएका दर्जनौं नक्कली स्ट्याम्प र छापहरू, चारवटा पेनड्राइभ, एक थान एचपी कम्पनीको ल्यापटप, एक थान आईफोन, एक थान रियलमी मोबाइल, तीनवटा एटीएम कार्ड, भारु १८ हजार ५ सय रुपैयाँ र नेपाली ३ हजार २५ रुपैयाँ नगद बरामद गरेको छ।

यस घटनाले नक्कली शैक्षिक प्रमाणपत्रको अवैध कारोबारको गम्भीरतालाई उजागर गरेको जिल्ला प्रहरी प्रमुख प्रदीपबहादुर क्षेत्रीले बताए। उनले पक्राउ परेका यादव कसैको लागि काम गर्ने कामदार मात्र रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको जनाए। यादव सहितको टिमले प्रायजसो विदेश अध्ययन र कामको प्रायोजनका लागि नक्कली प्रमाणपत्र बनाउने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। रुपन्देही जिल्लामा यति ठूलो परिमाणमा नक्कली प्रमाण पत्र फेला परेको यो पहिलो पटक हो।

# भन्सारनजिक अवरोध, तीन गाउँलाई सास्ती

**दिलीप सहनी**
**सिरहा, भदौ २**

सिरहा नगरपालिका-१७ स्थित माडर भन्सारनजिक सशस्त्र प्रहरीले दोहोरो अवरोध (ढाठ) राखेर स्थानीयको आवतजावतमा रोक लगाएको भन्दै तीन गाउँका बासिन्दा आक्रोशित भएका छन्।

स्थानीयको आवागमनमा कडाइ गरेको भन्सार ढाठको केही अगाडि काँडेतारसहित अर्को ढाठ राखेर पैदल हिंड्ने मानिसहरूलाई समेत रोक लगाइँदै आएको छ। यसबाट लचका टोल, इनर्वा टोल र पटेर्वा टोलका करिब तीन सय घरपरिवार दैनिक सास्ती खेपिरहेका छन्।

उक्त भन्सार कार्यालय नेपाल-भारत सीमाबाट करिब दुई किलोमिटर भित्र पर्ने भएकाले स्थानीयहरूलाई आवतजावतका लागि सो बाटो अनिवार्य रूपमा प्रयोग गर्नुपर्छ। तर, सशस्त्र प्रहरीले राति १० बजेदेखि बिहान ७:३० बजेसम्म मुख्य सडक एनएच २० नै बन्द गरिदिँदा स्थानीयहरूलाई विद्यालय जान, अस्पताल पुग्न, धार्मिक स्थलमा जान र बिहानको व्यायाम गर्न समेत समस्या परेको छ।

भर्खरै सम्पन्न जन्माष्टमी पर्वमा लचका टोलस्थित कृष्ण मन्दिरमा जान श्रद्धालुहरूलाई रोक लगाइएको



थियो। महिलाहरू खेत, हिलो र झाडी हुँदै असुरक्षित बाटो प्रयोग गर्न बाध्य बनाइएको स्थानीयहरूको गुनासो छ। यस्तो अवस्थामा उनीहरूले आफ्नो मौलिक हक हनन भएको अनुभव गरिरहेका छन्।

नेपालको संविधानको धारा १७ ले हिँडडुल गर्ने स्वतन्त्रतालाई मौलिक हकका रूपमा संरक्षण गरेको छ भने धारा २६ मा धार्मिक स्वतन्त्रता कुण्ठित गर्न नपाइने स्पष्ट प्रावधान छ। तर, स्थानीयले भने कुनै औपचारिक सूचना नपाएको र प्रशासनबाट समेत जानकारी नआएको बताउँदै आएका छन्।

सार्वजनिक बाटो बन्द गर्ने अधिकार स्थानीय प्रशासन, विशेषगरी प्रमुख जिल्ला अधिकारी (सीडीओ) सँग मात्र हुन्छ। त्यसका लागि औपचारिक आदेश र जनतालाई जानकारी गराइनु आवश्यक हुन्छ। तर यहाँ सशस्त्र प्रहरीले नै एकतर्फी रूपमा ढाठ राखेर नागरिकको स्वतन्त्र आवतजावतमा कानूनविपरीत रोक लगाएको हो।

सीमा सुरक्षा सशस्त्र प्रहरी बल नेपाल नम्बर-७ गण, सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक (एसपी) नरेश भण्डारीले भने 'हामीले माथिबाट आएको आदेशअनुसार मात्रै ढाठ राखेका हौं' भन्दै पन्छिए।

सशस्त्र प्रहरी ऐन, २०५८ अनुसार सशस्त्र प्रहरीलाई सीमा सुरक्षा, तस्करी नियन्त्रण र सरकारी निकायको सुरक्षाको जिम्मेवारी दिइएको छ। तर, उनीहरूले पनि नागरिकको मौलिक हक कुण्ठित गरेको स्थानीयको गुनासो छ।

## लालु यादव मृत्यु प्रकरण

# प्रहरी नेतृत्वको छानबिन समिति मान्य नहुने

**प्रवेशकुमार मिश्र**
**सप्तरी, भदौ २**

गत साउन २० गते प्रहरीको गोली लागेर सप्तरीको राजगढ गाउँपालिका-२, कमलपुरका लालुप्रसाद यादवको मृत्यु भएको प्रकरणमा संघर्ष समितिले भदौ ५ गतेदेखि आन्दोलनको चेतावनी दिएका छन्। प्रमुख जिल्ला अधिकारीलाई सोमबार ज्ञापनपत्र बुझाउँदै उनीहरूले प्रहरी बाहेकको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति गठन नभए आन्दोलन गर्ने चेतावनी दिएको हो।

अनुसन्धानका लागि गठन गरिएको एसएसपी स्तरको समिति मान्य नहुने भन्दै समितिले गृहमन्त्रालय वा मधेश प्रदेश मन्त्रालयको सहसचिवको नेतृत्वको मात्र सर्वपक्षीय छानबिन समिति बनाउनुपर्ने माग राखेको संघर्ष समितका संयोजक दिपेन्द्रप्रसाद



यादवले बताए।

अवैध मदिरा नियन्त्रण गर्न गएका प्रहरीले जानिजानी खुबलाल जगरनाथ शक्ति आधारभूत विद्यालयका व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका लालु यादवलाई गोली हानेको स्थानीयको आरोप छ।

सो घटनापछि उनका आफन्त संघर्ष समिति बनाएर आन्दोलनमा उत्रेपछि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सुरक्षा निकायका प्रमुख, प्रमुख राजनीतिक दलका प्रतिनिधि र संघर्ष समितिबीच सहमति भएको थियो। उक्त सहमतिअनुसार उच्चस्तरीय छानबिन समिति गठन गर्ने निर्णय भएपछि गठित प्रहरी संगठनकै एसएसपी स्तरको छानबिन समितिले निष्पक्ष छानबिन नगर्ने उनीहरूको आशंका छ।

'प्रहरीकै नेतृत्वमा समिति गठन गरिएको छ भने षड्यन्त्र मात्र हो, यस्तो समितिलाई न संघर्ष समिति, न राजगढवासी, न सप्तरीबासीले मान्यता दिनेछन्' विज्ञप्तिमा उल्लेख छ।

आन्दोलनबाट उत्पन्न हुनसक्ने क्षतिको जिम्मेवारी नेपाल सरकार र सप्तरीका प्रमुख जिल्ला अधिकारीलाई हुने चेतावनीसमेत दिइएको ज्ञापनपत्रमा दिएको छ।

# चोरीलगायत अपराधमा बालबालिकाको प्रयोग

**चितवन, भदौ २ गते**

चितवनमा पछिल्ला समय बालबालिकालाई अपराधमा प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ। जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार, पछिल्लो एक वर्षमा चोरी, लागुऔषध ओसारपसार, ज्यानमार्ने प्रयास, जबर्जस्ती करणीजस्ता गम्भीर आठ प्रकारका मुद्दामा संलग्न ८६ जना बालबालिका पक्राउ परेका छन्।

१० देखि १८ वर्ष उमेर समूहका ती बालबालिकामध्ये सबैभन्दा बढी सार्वजनिक कसुर तथा अभद्र व्यवहारमा २६ जना, चोरीमा २२ जना, लागुऔषध मुद्दामा २१ जना पक्राउ परेका हुन्। त्यसैगरी, ज्यानमार्ने उद्योगमा ७ जना, जबर्जस्ती करणीमा ५ जना, करणी प्रयासमा २ जना, सवारी ज्यान मुद्दामा २ जना र साइबर क्राइममा १ जना बालक पक्राउ परेको प्रहरीको तथ्यांकमा उल्लेख छ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक (एसपी) गोविन्द पुरीका अनुसार, पछिल्ला दिनमा चोरी र लागुऔषध सम्बन्धी अपराधमा बालबालिकाको प्रयोग उल्लेख्य रूपमा बढेको छ। 'सामान्य पैसा दिएर बालबालिकालाई अपराधमा संलग्न गराउने गरिएको पाइन्छ,' उनले बताए।

प्रहरीका अनुसार, लागुऔषध ओसारपसारमा बालबालिकालाई सजिलै प्रयोग गर्न सकिने भएकाले यो प्रवृत्ति बढ्दो छ। त्यस्तै, चोरीका घटनामा पनि बालबालिकाको प्रयोग गरेर ठूला व्यक्तिहरूले फाइदा लिने गरेका छन्।

'कतिपय घटनामा तराईका विभिन्न ठाउँबाट बच्चा ल्याएर चोरी गराउने गरिएको पाइयो,' एसपी पुरीले भने, 'यस्ता केही मुद्दामा चोरी गराउने व्यक्तिलाई पनि पक्राउ गरी कारबाही गरिएको छ।'

यस्ता घटनाले बालअधिकार उल्लंघनमात्र नभई बालबालिकाको भविष्यमा गम्भीर असर पार्ने बताउँदै अपराध गराउने व्यक्तिमाथि कडा निगरानी र कारबाहीको खाँचो देखिएको प्रहरीले जनाएको छ। *रासस*

# बिहुँ-घोडाबाँधे खण्डमा सास्ती वर्षौंदेखि



**बागलुङ, भदौ २**

नौ वर्षदेखि कालोपत्र नहुँदा मध्यपहाडी लोकमार्गको बागलुङ खण्डमा सवारी-साधनले सास्ती व्यहोर्दै आउनुपरेको छ।

बिहुँ-घोडाबाँधे खण्डको १३ किलोमिटरमध्ये ६ किलोमिटर सडकको दुरवस्थाका कारण सवारी फसेर यात्रुहरूले सास्ती खेप्ने गरेका छन्। हिउँदमा धुलाम्मे र वर्खा लागेपछि हिलाम्मे सडकमा सवारी-साधन वारपार गर्नै समस्या हुने गरेको छ। बागलुङ बजारदेखि घोडाबाधेसम्मको २५ किलोमिटर सडक कालोपत्रका लागि दुई खण्डमा विभाजन गरेर नौ वर्षअघि ठेक्का लगाइएको थियो।

जसमध्ये बिहुँ घोडाबाँधेको १३ किमिमध्ये ६ किलोमिटर सडक अझै कालोपत्र भएको छैन। आठ वर्षमा कालोपत्र नभएपछि ठेक्का तोडिएको थियो। ठेक्का तोडेर पुनः ठेक्का लगाएको काम एक वर्षमा जम्मा १० प्रतिशत मात्रै प्रगति भएको छ।

चितवनबाट सामग्री ढुवानीका लागि गलकोटतर्फ आएको मिनि ट्रक बिहुँमा फसेर समस्या भएको चालक रमण शर्माले दुःखेसो गरे। ट्रकमात्रै हैन दर्जनौं कार तथा जिप सडकमा फस्ने गरेका छन्। लोकमार्गको १४० किमिमध्ये अन्यत्र कालोपत्र भइसकेको छ। बिहुँ खण्डको समस्या समाधान नहुँदा पनि सरोकारवाला निकाय मौन रहेको गुनासो स्थानीयवासीको छ।

नयाँ ठेक्का लागेपछि सडक चौडा पारेकाले यसपटक सडक बढी हिलाम्मे भएको मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालय पर्वतका इञ्जिनियर कल्पना मिश्रले बताए। 'पुन ठेक्का लगाएको एक वर्ष भयो, रु २१ करोडको ठेक्कामा जम्मा १० प्रतिशत काम सम्पन्न भएको छ, अहिले पूर्वाधारको काम गरिरहेको र बर्खा लागेकाले सडक हिलाम्मे छ', मिश्रले भने, 'निर्माण व्यवसायीलाई बर्खामा सवारीसाधन फस्न सक्ने पहिरो पन्छाउन पर्ने भएकाले डोजरसहित तयारी अवस्थामा राखिएको छ।'

बिहुँ-घोडाबाधे खण्डको अघिल्लो ठेक्का तोडेर २०८१ सालको असार २१ गते दुई वर्षमा बाँकी पूर्वाधार र कालोपत्र सम्पन्न गर्नेगरी तामाङ/रिजाल भगवती जेभीसँग रु २१ करोड ४९ लाखमा पुन ठेक्का सम्झौता गरिएको थियो। *रासस*

## राहुघाट जलविद्युत् आयोजनास्थलमा पहिरो

# दुईको मृत्यु, पाँच घाइते

भदौ २, म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ मा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको बाँधस्थलमा पहिरो जाँदा दुई मजदुरको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार आज दिउँसो झिँ र दग्नामको सिमाना नजिकरहेको बाँधस्थलमा अचानक पहिरो खस्दा ढुङ्गा लागेर मजदुर चितवनका लालबहादुर सुनार (करिब ४५ वर्ष) र बागलुङको तमानखोला गाउँपालिका-१ का सुजन बुढामगर (२२),-१ कोज्यान गएको हो। उनीहरू भारतीय ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्स अन्तर्गत आयोजनास्थलमा कार्यरत थिए।

घाइते हुनेमा भारतको गोपालगङ्गाका ५५ वर्षीय धरम कुसहवा, बिहारको शासाराम जिल्लाका ५५ वर्षीय भैयाराम चौधरी, बाराको निजगढ नगरपालिका-७ का ४० वर्षीय कुमार थापामगर, सर्लाहीको बागमती नगरपालिका-५ का ३२ वर्षीय गणेशबहादुर मगर रोल्पाको सुनछहारी गाउँपालिका-३ का ३३ वर्षीय चुमान पुन रहेका छन्। प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाका




अनुसार गम्भीर घाइते तीन जनालाई पोखराको मणिपाल शिक्षण अस्पताल पठाइएको छ भने अन्य दुईको बेनी अस्पतालमा उपचार भइरहेको छ।

घटनालगत्तै मौवाफाँट प्रहरी चौकीबाट खटिएको टोली र आयोजनास्थलमा कार्यरत मजदुरहरूको सहयोगमा उद्धार कार्य गरिएको थियो। प्रत्यक्षदर्शीहरूका अनुसार मजदुरहरू बाँधको सिभिल कार्यमा खटिरहेका बेला एक्कासि भिरबाट ठूलो पहिरो खसेको थियो।

राहुघाट जलविद्युत् आयोजना नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित हो। आयोजनाको सिभिल कार्य भारतीय कम्पनी जयप्रकाश एसोसियट्सले गरिरहेको छ। प्रहरीका अनुसार पहिरो अझै सक्रिय रहेकाले घटनास्थलमा सुरक्षाकर्मी खटाइएकोछ भने आयोजना क्षेत्रमा जोखिम मूल्याङ्कन तथा सुरक्षित कार्यसम्बन्धी समीक्षा गरिने बताइएको छ । *रासस*

# दुर्घटनामा दुईको मृत्यु, दुई घाइते

काठमाडौं, भदौ २ – काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-७ स्थित स्पेसलचोकमा सोमबार बिहान भएको सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) अपिलराज बोहराका अनुसार बाग्मती प्रदेश ०२-०४१ प ६८१९ नम्बरको स्कुटर र प्रदेश ३-०२-००२ प ५७२ नम्बरको सुजुकी जिक्सर मोटरसाइकल एकापसमा ठोक्किँदा दुर्घटना भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएका सिराहाको जन्दह गाउँपालिका-४ निवासी २९ वर्षीय भोला थापा र अन्दाजी ३५ वर्षीय, नाम ठेगाना नखुलेका कालो पाइन्ट र सेतो टिसर्ट लगाएका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यसैगरी, उक्त दुर्घटनामा गोरखा आरुपोखरी स्थायी घर भई हाल बूढानीलकण्ठ-८ भङ्गाल बस्ने २४ वर्षीय एरिक परियार र अर्को अन्दाजी ३० वर्षीय, नाम, थर, वतन नखुलेका, कालो ट्र्याक र निलो टिसर्ट लगाएका पुरुष घाइते भएका छन्। दुवै जनाको त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा उपचार भइरहेको छ।

प्रहरीका अनुसार दुर्घटनापछि स्कुटर र मोटरसाइकल दुवैलाई नियन्त्रणमा लिइएको छ।

## सम्पादकीय

# लुम्बिनी र पोखरा विमानस्थल सञ्चालनको चासो

*सरकारले भैरहवा विमानस्थललाई अन्तर्राष्ट्रिय उडानका लागि विस्तारको योजना अघि बढाएपछि स्थानीय लगानीकर्ताहरूले होटल, रेस्टुरेन्ट लगायतको सेवा क्षेत्रमा लगानी गरे। तर, सरकारले सो गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्नै नसक्दा स्थानीय व्यावसायीहरू निराश बनेका समाचार आएको छ।भूपरिवेष्ठित मुलुक नेपालका लागि संसारसँगको भूजडित हुने माध्यम भनेकै अन्तर्राष्ट्रिय विमानस्थल हो। विमानस्थल मानवीय आउजाउको केन्द्रमात्र नभएर अन्तर्राष्ट्रिय सम्पर्क र आर्थिक क्रियाकलापको आधार पनि हो। त्यसैले, पनि अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा राष्ट्रिय संवेदनशीलताको विषय हो। त्यसैले, यसलाई राष्ट्रले प्राथमिकतामा रहनुपर्दछ भन्नेमा मतैक्य हुँदैन।*

*तर, हाम्रो व्यवस्थापकीय कमजोरीका कारण विमानस्थलमा बारबार अनियमिताहरू हुने गरेका छन्। यसको जरो राजनीतिक नेतृत्वको लाचारी नै हो भन्ने पनि पुष्टि भइसकेको छ। काठमाडौंमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुन, विदेशी मुद्रा, लागूपदार्थको अवैध ओसारपसारमा मात्र सीमित नरहेर मानव तस्करीको अखडा बन्दै जानु आफैंमा राष्ट्रिय लज्जाको कुरा हो। राष्ट्रिय लज्जालाई निदान गर्नु राज्यको जिम्मेवार निकायमा बसेकाहरूको दायित्व हो। बढ्दो आतंककारी गतिविधि र गैरकानूनी क्रियाकलापका कारण अन्तर्राष्ट्रिय रूपमै विमानस्थलहरूलाई सुरक्षा संवेदनशीलतामा राख्ने गरिएको हुन्छ। त्यसैले, पनि विमानस्थलको सुरक्षा चुनौती उच्च हुने गरेको छ। फेरि विमानस्थल सञ्चालन गर्न एक होइन, अनेक निकायको समन्वय आवश्यक पर्छ। जसमा गृह, राजश्व, नागरिक उड्डयन, निजामति प्रशासन लगायतको समन्वकारी भूमिकाको आवश्यकता हुन्छ।*

*पोखरा र लुम्बिनीका विमानस्थल सञ्चालन गर्न तथा काठमाडौंको विमानस्थलमा रहेको भीड र अनिवार्यतामा पनि कमी आउन सक्छ। भैरहवामा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरामा रहेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय उडानहरूको लागि निर्माण गरिए तापनि, हाल स्थायीरूपमा प्रयोगमा ल्याउन सकिएको छैन। शुरुमा केही अन्तर्राष्ट्रिय उडानहरू भए पनि ती सुचारु हुन सकेका छैनन्। यसमा दुई, तीनवटा कारण छन्। एक भैरहवाको विमानस्थल सञ्चालन गर्न नेपालले भारतबाट पाउनुपर्ने हवाइ रुट पाउन सकेको छैन। यो मामिलामा हामीले भारतसँग द्विपक्षीय संवाद गरेर निकास खोज्नुपर्नेछ। भारतले सहज र छोटो हवाई मार्गको अनुमति नदिएपछि विमान कम्पनीहरूले लामो बाटोको हावाई यात्रामा रुचि नदेखाउनु अस्वभाविक होइन। वास्तवमा विमानस्थल बन्नुअघि नै त्ससम्बन्धी प्रक्रिया अगाडि बढाउनुपर्ने थियो।*

*ठूलो लगामा बनेका यी पूर्वाधार जुन नेपालका आर्थिक वृद्धिको आधार हुन सक्थ्यो तीनको परिचालन नहुनु नेपालको लागि धेरै आयामबाट बेफाइदा हुने देखिन्छ। एक त ऋणमा बनेका आयोजनाले आम्दानी गर्न नसक्दा त्यसको आर्थिक भार बढ्दै जाने निश्चित नै छ। अर्को भोलिका दिनमा हामीले ठूला पर्वाधारको परियोजनाको मुद्दालाई अघि बढाउँदा हाम्रो शासकीय क्षमतामाथि प्रश्न उठ्न सक्ने पनि देखिन्छ।पोखराको अन्तर्राष्ट्रिय विमानस्थलको परिकल्पना पूरा हुन दशकौं लाग्यो। चिनियाँ लगानीको परियोजनामा भूराजनीतिको छाया पर्दा भारतीय पक्षको असन्तुष्टि रहेको बताइए पनि यो विषयलाई आपसी संवाद र अन्तरक्रियाद्वारा समाधान गर्न सकिन्छ। अर्कोतिर, भैरहवामा निर्माण सम्पन्न भएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पनि सञ्चालनमा नआउनु पनि दुःखको कुरा हो। भैरहवामा विमानस्थल बन्ने भएपछि त्यहाँ होटल तथा सेवा क्षेत्रमा भएको अर्को अर्बौंको लगानी पनि डुब्ने खतरा छ। विमानस्थल निर्माणमा भएको अर्बौं लगानीको त कुरै छोडौं।*

*प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा भैरहवा र पोखरा विमानस्थलले अन्तर्राष्ट्रिय उडानका लागि रुट अनुमति पाउने विषयले प्राथमिकता पाउनुपर्छ। किनभने धेरै ठूला-ठूला ठानिएका र संकटका विषयहरू पनि आपसी संवादको माध्यमबाट हल भएका छन्। यसैगरी, प्रधानमन्त्रीको निकट भविष्यमै चीन पनि जाँदै हुनुहुन्छ। चिनियाँ लगानीमा बनेका पोखरा विमानस्थलमा उडान थप्ने र पर्यटक बढाउने विषयमा चिनियाँ पक्षसँग संवाद गर्न प्रधानमन्त्रीले पहल गर्नु आवश्यक छ। नेपाललाई आर्थिक उन्नतिमा लान सक्ने आधार मानिएका यी विमानस्थल प्रयोगमा नआउनुले हामीलाई भोलिका दिनमा ठूलो आर्थिक मार पार्ने भएकाले यी पूर्वाधारलाई चाँडैभन्दा चाँडै सञ्चालन गरेर आर्थिक उन्नतिमा लाग्नुको विकल्प छैन।*

## जेन कथा

### स्वर्ग

*एक पटक दुई जना यात्री मरुभूमिमा हराए। भोक र प्यासका कारण उनीहरू इन्तु न चिन्तु भइरहेका थिए। त्यही बेला उनीहरू एक ठाउँमा उनीहरूले एउटा ठूलो पर्खाल देखे। पर्खाल पारि पानी बगिरहेको र चराचुरुङ्गीको चिर्बिराहट पनि सुनिन्थ्यो। पर्खालमाथि रुखका हाँगा झुलिरहेका थिए। हाँगामा पाकेका फलहरू पनि देखिन्थे।*

*दुई जना यात्रीमध्ये एक जना कसै गरी पर्खालमाथि चढ्यो र पानीका लागि हाम्फाल्यो।*

*अर्को यात्रु भने मरुभूमितिरै फर्कियो ताकि ऊजस्तै मरुभूमिमा हराएका यात्रुहरू फेला परुन् र तिनलाई पानीको मुहान देखाउन सकियोस्।*



**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# वैदेशिक रोजगारमा महिलाका जोखिम



news24 दैनिक

**सुनिता मैनाली**



नेपाली घरपरिवारबाट विदेश जानेहरूको संख्या दिनदिनै बढिरहेको छ। कोही वैदेशिक रोजगारमा गएका छन् भने कोही अध्ययनका लागि। गत वर्ष १५ सय नेपाली कामदारहरूले वैदेशिक रोजगारमा रहँदा अकालमा ज्यान गुमाउनु परेको दुःखद् अवस्था हाम्रो सामु छ। यसले के देखिएको छ भने वैदेशिक रोजगारमा जाने नेपालीहरूलाई गन्तव्य मुलुक असुरक्षित छन्। घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारमा गएका महिलाहरू जसले कामका दौरान विदेशमा मृत्युवरण गर्न पुगे, ती मृतक परिवारहरूको सर्वेक्षण गर्दा ती परिवारले न्याय नपाएको, समाजबाट एक्लिएको र थप सिमान्तीकृत भएको पाइएको छ।

ओरेक नेपालले सिन्धुपाल्चोक, दाङ, झापा र कर्णालीको सुर्खेत आदि ठाउँमा गरेको सो अध्ययनमा महिला कामदारहरू कुवेत, ओमनलगायत विभिन्न देशमा काम गर्न गएको पाइयो। वैदेशिक रोगजारमा महिलाको सन्र्दभमा कतिपय देशको अवस्था कहालीलाग्दो छ। त्यस्ता देश जहाँ राज्यले घरेलु श्रमिकका रूपमा जान नपाउने भनेर प्रतिबन्ध गरेको छ, ती देशमा पनि महिला कामदारहरू पुगिरहेको पाइन्छ। ती देशमा श्रमिकको असुरक्षालाई दृष्टिगत गरेर नै सरकारले प्रतिबन्ध लगाएको हो। सरकारले प्रतिबन्ध लगाए पनि त्यहाँ जानबाट नेपाली श्रमिकहरूलाई रोक्न सकिएको रहेनछ भन्ने अध्ययनले पुष्टि गरेको छ।

महिला श्रमिकहरू विभिन्न बाटो भएर गन्तव्य मुलुकमा पुगेको देखिन्छ। जस्तै भारतको बाटो भएर जाने एउटा सजिलो उपाय हो। यो काममा म्यानपावर कम्पनीहरूको पनि संलग्नता देखिन्छ। अध्ययनमा के पाइएको छ भने पहिलो पटक जाँदा वैधानिक तरिकाले म्यानपावरमार्फत गएको महिला श्रमिक दोस्रो पटक जाँदा त्यो देशमा प्रतिबन्धत भइसकेको हुँदा पहिला स्थापित सम्पर्क सञ्जालबाट गएको पाइन्छ। त्यसो हुँदा त्यसरी जानेहरूको जानकारी र तथ्यांक आधिकारिक सूचीमा देखिँदैन। मानवअधिकारको दृष्टिले हेर्दा गतिशिलताको अधिकार, काम गर्न पाउने अधिकार मानवको नैसर्गिक अधिकार हो। तर, अभिलेखबिना जाँदा एक त सूचीकृत नहुने समस्या देखिन्छ अर्को जोखिम बढ्ने सम्भावना पनि उत्तिकै हुन्छ।

यो किन भइरहेको छ भने वैधानिक तरिकाले जानेलाई कानुनसम्मत रूपले सेवा सुविधा दिनुपर्ने हुन्छ। अवैधानिक रूपले जानेलाई श्रम नियम र कानुन बाध्यकारी नहुने हुँदा सस्तोमा काममा लगाउन पाउने भइयो। यसो हुनुको एउटा कारण विश्वव्यापी खुला अर्थतन्त्रको नाफा बढाउने होड हो। नाफा धेरै कमाउन उत्पादकले सस्तो श्रम खोज्छ। त्यो क्रममा अनधिकृत रोजगारी फस्टाउने गर्छ। खासमा यो राजनीतिक मुद्दा हो। विश्व अर्थतन्त्र नियाल्दा यसको फाइदा भने पुँजीपतिहरूले लिइरहेका हुन्छन्। जति अवैधानिक बाटोबाट गएका कामदारहरू उपलब्ध हुन सक्यो, त्यति नै सस्तोमा श्रमिक पाइन्छन्।

**सरकारले जारी गरेको 'वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम निर्देशिका, २०७९' को बारेमा स्थानीय सरकार अनभिज्ञ छन्। हामीले त्यस निर्देशिकालाई स्थानीयकरण गर्न अभियान नै चलाउनु पर्ने देखिन्छ। त्यसो हुँदा कुनै पनि अप्ठेरो पर्दा सहजीकरणको लागि पूर्वतयारी अपनाउने वा क्षतीपूर्ति र पुनर्स्थापनाको लागि मार्गप्रशस्त गर्ने विकल्पहरूबारे सोच्न सकिन्छ।**

त्यस्ता कागजातविहीन अवैधानिक कामदारको सुरक्षा ग्यारेन्टी लिनु नपर्दा र उनीहरूप्रति जवाफदेही हुनु नपर्दा उत्पादकहरूले दोहोरो फाइदा उठाइरहेका हुन्छन्।

एकातिर सरकार भन्छ, हामीले त नजाऊ भनेकै थियौं त किन गयौ? तर राज्यको जिम्मेवार निकायले त्यति भनेर मात्रै पुग्दैन, उसले तीनको कारण र निदानको बारेमा पनि गम्भीर भएर लाग्नुपर्छ। यसो किनभने भने कतिपय मुद्दा व्यक्तिको संविधान प्रदत्त नैसर्गिक अधिकारभित्र पर्दछन्। यसो हेर्दा, परिवारको आर्थिक अवस्था राम्रा बनाउनका लागि महिला श्रमिकहरू विदेशिएका छन्। त्यसबाहेक, केही महिलाहरू घरभित्र लैगिंकताका आधारमा हुने महिला हिंसाबाट बच्न पनि गएका छन्। कोही जातको कारणले हुने विभेदका कारण विदेशिएका छन्। समग्रमा, आर्थिक तथा सामाजिक कारणले महिला श्रमिकहरू विदेशिएको अवस्था छ।

फेरि, वैदेशिक रोजगार जोखिमयुक्त पनि छ। एउटा त ज्यानकै सवाल छ। वैदेशिक रोजगारीमा ज्यान गुमाउनेमा महिला पनि छन्। पुरुषले मात्र अकालमा ज्यान गुमाएका छैनन्, महिलाले पनि विदेशका काम गर्दा ज्यान गुमाएको अवस्था छ। देशका युवापुस्ता चाहे महिला, चाहे पुरुष तीनले रोजगारी गर्न विदेश जाँदा अनाहकमा ज्यान गुमाउनु दुःखद् छ। विशेष गरी घरेलु श्रमिक महिलाको सन्दर्भमा उनीहरूको कामको अवधि तोकिएको हुँदैन। घरभित्र घरेलु हिंसा र दुर्व्यवहारको जोखिम पनि छ। जुन देशमा दुर्व्यवहार भयो भनियो त्यो देशमा जानबाट प्रतिबन्ध लागेको अवस्था छ। त्यो भनेको हामीले दुर्व्यवहार गर्ने देशलाई जवाफदेही बनाउन नसकेका हौं। प्रतिबन्ध लगाए पनि जाने क्रम रोकिएको छैन। कामका दौरानमा जो कोहीलाई अप्ठेरो पर्न सक्छ अप्ठयारो पर्नु भनेको जानलाई नै बन्देज गर्नु त्यसको समाधान होइन भन्ने देखिन्छ।

स्थानीय सरकारमा पनि वैदेशिक रोजगारमा जानको तथ्यांक हुनुपर्छ। त्यसो हुँदा कुनै पनि अप्ठेरो पर्दा सहजीकरणको लागि पूर्वतयारी अपनाउने वा क्षतिपूर्ति र पुनर्स्थापनाको लागि मार्गप्रसस्त गर्ने विकल्पहरूबारे सोच्न सकिन्छ। कानुनी तवरले जानेको जानकारी र तथ्यांक त सरकारसँग छ, तर अवैधानिक हिसाबले जानेको जानकारी र तथ्यांक पाउन गाह्रो छ। यसो हुँदा त ती अवैधानिक श्रमिक झन् सीमान्तीकृत हुन पुग्छन्। त्यसैले, सरकारले उनीहरूलाई झन् धेरै सहयोग गर्नुपर्ने देखिन्छ। वैदशिक रोजगारमा जाने महिलाको अवस्था नियाल्दा एक त उहाँहरू ऋणको भारमा थिचिएका छन्। अर्को, कामका दौरान विदेशमै मृत्यु हुँदा अवस्था झन् कहालीलाग्दो भएको छ। श्रीमती बितेपछि श्रीमान्ले अर्को बिहे गरेको अवस्था छ, त्यसो हुँदा मृतकको सन्तानको भविष्य जोखिममा पर्ने चिन्ता छ। त्यस्तो अवस्थमा प्रभावित परिवारलाई सहयोग गर्न धेरै प्रकारको सहयोग प्रणाली आवश्यक हुन्छ।

वैदेशिक रोजगारीमा गएका अधिकांश महिला कामदारको मृत्युका धेरै घटनामा आत्महत्या भनिएको हुन्छ, जसलाई परिवारले पत्याउने आधार हुँदैन। उनीहरूको भनाइ के छ भने हिजोसम्म राम्रै बोलचाल, हाँसीमजाक गरेको हाम्रो आफन्त कसरी एक्कासि आत्महत्या गर्न पुग्छ? तर अवैधानिक बाटोबाट गएका कारण मृत्युको कारण जाँचपड्ताल गर्ने कानुनी आधारहरू केही हुँदैन। त्यो खालको संयन्त्रको पनि विकास भएको छैन। त्यो अवस्थामा मृतकको परिवारलाई आर्थिक सहयोग मात्र दिएर पुग्दैन, सामाजिकीकरणको सहयोग, मानसिक सहयोग र मनोपरामर्श पनि उत्तिकै आवश्यक देखिन्छ।

त्यसतर्फ केही पाइला सुरु भएका छन्, तर अझ धेरै गर्नुपर्ने काम बाँकी छन्। सरकारले केही समयअघि 'वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९' जारी गरेको छ। निर्देशिकाले वैदेशिक रोजगारबाट फर्केकाहरूलाई पुनःएकीकरण गर्ने केही आधारको बारेमा उल्लेख गरेको छ। तर त्यसमा महिलालाई कसरी सम्बोधन गर्ने भन्ने विशेषको व्यवस्था नै छैन। यद्यपि, त्यो निर्देशिकाबारे धेरै स्थानीय सरकार अनभिज्ञ छन्, हामीले त्यस निर्देशिकालाई स्थानीयकरण गर्न अभियान नै चलाउनु पर्ने देखिन्छ। किनभने सो निर्देशिका अनुसार पुनःएकीकरण योजनालाई बजेटमा समावेश गरेर कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ।

हाम्रो नागरिक मृत्यु भएको जानकारी हामीसँग नहुँदा परिवारलाई सहयोग गर्न सक्ने आधार हामीसँग हुँदैन। अर्कातिर हाम्रो कुल ग्राहस्थ उत्पादनको २५ देखि २७ प्रतिशतको योगदान रेमिटेन्सबाटै छ भनिन्छ। त्यो योगदानको कति प्रतिशत हामीले वैदेशिक रोजगारमा गएकाहरूको कल्यणकारी कामको लागि छुट्याएका छौं भन्ने प्रश्न पनि जायज छ। विदेश काम गर्न जाँदा कामका दौरान कति मान्छे मरेका छन्, तीनको परिवारलाई सहयोग गर्ने के कस्तो क्षतिपूर्ति योजना हामीसँग छन् त? कतिपय अंगभंग, रोगी भएका होलान्? तीनलाई कसरी सहयोग गर्ने भन्ने एउटा खाका त सरकारले बनाउनुपर्छ।

हालको यस अध्ययनले के देखियो भने मृतकहरूका परिवारहरूलाई स्थानीय योजना, स्थानीय कार्यक्रमहरूसँग जोडिएको पाइएन। उहाँहरू एक्लिएको र कहाँबाट कस्तो सहयोग पाइएला भनेर बसको पाइयो। उहाँहरूका परिवार सदस्य बाहिर गएर काम गरे, पैसा पठाए। त्यो पैसा रेमिटेन्समा पनि गणना भयो होला, तर जब आफ्नो व्यक्तिको मृत्यु भइसकेपछि परिवारले के पायो त? यो पीडादायी प्रश्न हो, यसको सम्बोधन गर्न सरोकारवालाहरू सबै एकै ठाउँमा भेला हुनुपर्दछ। यसको लागि एकीकृत योजना बनाएर अघि बढ्नु पर्छ। किनभने जोकोही पनि जुनसुकै कारणले वैदेशिक रोजगारमा गएको होस् उसले आफ्नो देशलाई सहयोग नै गरिराखेको हुन्छ। त्यसको बदलामा राज्यले पनि उनीहरूप्रति जवाफदेही हुनुपर्दछ।

जोखिम भएको र ठानिएको देशमा प्रविबन्ध लगाएर मात्रै समस्याको समाधान हुने देखिँदैन। प्रतिबन्ध फुकुवा गरेर कानुनी रूपमा नै श्रमिक महिलाहरूलाई वैदेशिक रोजगारीको लागि मार्ग प्रशस्त गर्नुपर्ने पहिलो जिम्मेवारी हुनेछ। अनि वैदेशिक रोगजारीमा महिलाहरूलाई कसरी सुरक्षित रूपमा पठाउन सकिन्छ त्यो प्रक्रियाहरूलाई सहजीकरण गर्नुपर्ने हुन्छ। त्यसका साथसाथै द्वयपक्षीय सम्झौताहरूमार्फत कानुनी आधारहरूलाई सबल बनाउँदै लैजानुपर्ने देखिन्छ।

## पाठक-मञ्च

# प्रधानमन्त्रीको कटाक्ष : विपक्षीमाथि तीक्ष्ण प्रहार



news24 दैनिक

**नवराज घिमिरे**

संसद्को रोष्टमबाट प्रधानमन्त्री केपी शर्मा ओलीले विपक्षी दलका नेताहरूमाथि तीक्ष्ण कटाक्ष गर्दै अधिकांश समय प्रतिशोधपूर्ण टिप्पणीमा खर्च गरेपछि व्यापक प्रतिक्रिया आएको छ। उनले विशेषतः माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र अध्यक्ष रवि लामिछाने लगायतमाथि कठोर शब्द प्रयोग गरे।

प्रधानमन्त्रीको संबोधनमा देशको विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणका एजेन्डा ओझेलमा पर्नुमा नागरिकहरू अचम्मित र निराश भएको टिप्पणी गरिरहेका छन्।

संसद्जस्तो राष्ट्रको सर्वोच्च नीति-निर्माण स्थल र जनताको मुद्दा उठाउने थलोमा व्यक्तिगत आक्रोश र गालीगलौजको प्रयोग बढ्नु प्रतिशोधको राजनीति हावी भएको संकेत भएको विश्लेषकहरूको भनाइ छ।

संसदीय सभामा पार्टीका नेताले 'बा' वा शीर्ष नेतृत्वलाई रिझाउन र खुशी पार्न ताली बजाउँदै टेबल ठोक्ने प्रतिस्पर्धाले जनतासम्म लज्जित बनाएको सार्वजनिक टिप्पणी भइरहेको छ।



**मुलुकको समृद्धिको बाटो पहिल्याउनुपर्ने नेताहरू बिहानदेखि बेलुकीसम्म 'कसलाई कहाँ खसाल्ने, कसलाई फसाउने र व्यक्तिगत आर्थिक लाभ कसरी लिने' मा व्यस्त देखिनु नेपालजस्तो देशका लागि दुर्भाग्यपूर्ण हो।**

प्रधानमन्त्री ओली जसले अघिल्ला दिन रवि लामिछानेको पक्षमा मजबुत खम्बा बनेर उभिएका थिए।

तर, पछिल्ला दिनमा तिनै प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीबाट रविको निरन्तर कटाक्ष भइरहेको छ। प्रश्न उठ्छ, "के सबै नेताहरू रबिसँग डराएका हुन्? नत्र किन उनीप्रति प्रतिशोधपूर्ण व्यवहार मात्र देखिएको छ?"

यस्तै, सत्तापक्षका नेताहरूले रविको भन्दा ठूलो भ्रष्टाचार काण्डमा खुलेआम मुछिएका कांग्रेस र एमाले नेताहरूविरुद्ध कानूनी कारबाही नगर्नु कानूनको दोहोरो मापदण्ड भएको आरोप पनि लागेको छ।

३५ वर्षदेखि देशमा वर्चस्व जमाएका ठूला दल र तिनका शीर्ष नेताहरूले देशलाई आजको संकटपूर्ण अवस्थासम्म पुऱ्याउँदा पनि जनताले माफी दिइरहे, तर अब अति भएको भन्दै चेतावनी दिइएको छ। '२०८४ सालको चुनावमा यसको हिसाब-किताब पक्कै हुनेछ,' भन्ने जनआक्रोश बढ्दो छ।

विश्लेषकहरूका अनुसार, मुलुकको समृद्धिको बाटो पहिल्याउनुपर्ने नेताहरू बिहानदेखि बेलुकीसम्म 'कसलाई कहाँ खसाल्ने, कसलाई फसाउने र व्यक्तिगत आर्थिक लाभ कसरी लिने' मा व्यस्त देखिनु नेपालजस्तो देशका लागि दुर्भाग्यपूर्ण हो। नयाँ दल र नेताहरूबाट समेत जनताले ठोस र विश्वासिलो विकल्प नपाएको, बरु पुराना रोगहरू दोहोरिन थालेको टिप्पणी गरिएको छ।

नेपालभन्दा दशकौंअघि अल्पविकसित रहेकाहरू आज विकसित मुलुकको सूचीमा पुगिसकेका छन्, तर नेपाल झन् खस्किंदै जानुमा तीन ठूला दलका शीर्ष नेताहरूको सत्ता-सिन्डिकेट र भिजनको अभावलाई दोष दिइएको छ। जनताले अपेक्षा गरेको भिजन प्लान र दीर्घकालीन प्रतिबद्धता देखाउन नेताहरू असफल भएका कारण 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने भनाइ चरितार्थ भएको आलोचकहरूको निष्कर्ष छ।

*काठमाडौं*

# पाकिस्तानमा बाढीबाट सयौंको मृत्यु



इस्लामावाद, भदौ ३- पाकिस्तानमा मनसुनी वर्षासँगै आएको बाढीका कारण ठूलो जनधनको ठूलो क्षति भएको छ। विशेष गरी खैबार पख्तुनख्वा प्रान्तमा आएको बाढीले गाउँका गाउँ बगाएको छ। प्रधानमन्त्रीका सूचना संयोजक इख्तियार वली खानले बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षणपछि करिब एक हजार जनाको मृत्यु भएको हुनसक्ने आशंका गरेका छन्।

केही गाउँहरू नक्साबाटै हराएको जस्तो देखिएको छ भने बशोनी जस्तो ठूलो गाउँ पनि बगेको छ। नदी किनारमा रहेका घरहरू पूरै विलीन भएका छन् र थुप्रै परिवार सम्पर्कविहीन रहेको उनले बताए।

खानले भने, 'सिंगो गाउँ ध्वस्त भएको छ। बुनेरको चघरजी क्षेत्रमा भारी विनाश भएको छ। बशोनी गाउँ नक्साबाटै हराएको छ। बाढीको पानीसँगै आएका केही ढुंगाहरू ट्रकभन्दा पनि ठूला थिए। नदी किनारमा रहेका घरहरू हराएका छन्। सिंगो परिवार बाढीमा बगका छन्, कसैको अत्तोपत्तो छैन।'

उनले आधिकारिक तथ्यांक अस्पतालमा ल्याइएका शवहरू मात्र भएको बताए। हालसम्म ६०० भन्दा बढी शव फेला परेको छ। उनले दीरमा मात्र ज्यान गुमाउनेको संख्या एक हजार नाघ्न सक्ने आशंका गरेका छन्।

एक रिपोर्टअनुसार, एक हजारभन्दा बढी मानिस अझै बेपत्ता छन्।

पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडीएमए)का अनुसार, गएको जुन २६ देखि हालसम्म देशभर मनसुनी वर्षा, आकस्मिक बाढीलगायत विपद्का घटनामा कम्तीमा ६५७ जनाको मृत्यु भएको छ। ३९२ पुरुष, १७१ बालबालिका र ९४ महिलाले ज्यान गुमाएका हुन्। यस्तै, ४३७ पुरुष, २५६ बालबालिका र २३६ महिलासहित ९२९ जना घाइते भएका छन्।

तर, यी तथ्यांक अस्पतालमा ल्याइएका शवहरूमा मात्रै आधारित भएको बताइएको छ। वास्तविक मृतक संख्या अझै धेरै हुन सक्ने स्थानीय अधिकारीहरूको भनाइ छ।

खैबर पख्तुनख्वा प्रान्तमा मात्रै ३९० जनाको ज्यान गएको पुष्टि भइसकेको छ भने २४५ जना घाइते छन्। यो क्षेत्र हालसम्मको सबैभन्दा बढी प्रभावित क्षेत्र मानिएको छ। यस क्षेत्रका थुप्रै बस्तीहरूमा सम्पर्कविहीन अवस्था रहेको र उद्धार टोलीहरू अझै पनि पीडितहरूसम्म पुग्न संघर्ष गरिरहेका छन्।

यसबीच, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बाढीका कारण भएको मृत्युमा गहिरो दुःख व्यक्त गरेका छन्। महासचिवका प्रवक्ता स्टीफन दुजारिकद्वारा जारी विज्ञप्तिमा भनिएको छ कि संयुक्त राष्ट्रसंघका टोलीहरू पाकिस्तान सरकारसँग समन्वय गर्दै आवश्यक सहयोग पुऱ्याइरहेका छन्।

विज्ञप्तिमा भनिएको छ, 'संयुक्त राष्ट्रसंघका टोलीहरू सरकारसँग मिलेर आवश्यक सहायता प्रदान गर्न सक्रिय छन्।'

एक हजारभन्दा बढी मानिस अझै बेपत्ता छन्। उद्धार र राहतका कामहरू जारी भए पनि दुर्गम क्षेत्रमा पुग्न निकै कठिनाइ भइरहेको छ। वर्षाले सडक, पुल र सञ्चार माध्यममा पनि क्षति पुऱ्याएकाले उद्धारमा ढिलाइ भइरहेको छ।

प्राकृतिक प्रकोपको चपेटामा रहेको पाकिस्तान अहिले गम्भीर मानवीय संकटको सामना गरिरहेको छ। हजारौं मानिस घरवारविहीन भएका छन्। बाँच्न सफल भएका धेरैलाई पनि सुरक्षित आश्रय, खानेपानी, औषधोपचारजस्ता आधारभूत सेवाहरूको अभाव छ। यस्तो अवस्थामा पाकिस्तानलाई आन्तरिक तयारीसँगै अन्तर्राष्ट्रिय सहयोगको पनि खाँचो देखिएको छ।

# नोबेल शान्ति पाउन ट्रम्पको मरिहत्ते



नोबेल शान्ति पुरस्कारको दाबी गरेसँगै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प फेरि एकपटक चर्चाको केन्द्रमा छन्। पछिल्लो समय विभिन्न देशका नेताहरूले ट्रम्पले विश्वमा शान्ति स्थापनामा उल्लेखनीय भूमिका खेलेको भन्दै उनलाई नोबेल शान्ति पुरस्कार दिनुपर्ने माग गरिरहेका छन्।

ट्रम्पको सचिवालयले हालै सार्वजनिक रूपमा दाबी गरेको छ कि ट्रम्पको नेतृत्वमा विश्वका विभिन्न देशहरूमा भएका द्वन्द्व समाधानतर्फ उन्मुख भएका छन्। ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेबिनका अनुसार, ट्रम्प राष्ट्रपति बनेको केही महिनाभित्रै इजरायल-इरान, भारत-पाकिस्तान, थाइल्याण्ड-कम्बोडिया, सर्सिया, कोसोभो लगायतका देशहरूबीचको तनाव कम भएको र त्यसमा ट्रम्पले प्रमुख भूमिका खेलेका हुन्।

उनले भनिन्, '६ महिनामा ६ वटा शान्ति सम्झौता या संघर्षविराम हुनु कुनै संयोग होइन, यो ट्रम्पको कूटनीतिक क्षमताको प्रमाण हो। अब उनलाई नोबेल शान्ति पुरस्कार दिइनुपर्छ।'

**पाकिस्तान र इजरायलको समर्थन**

यसअघि पाकिस्तानका प्रधानमन्त्री शहनवाज सरिफ र इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले पनि ट्रम्पको नाम नोबेल शान्ति पुरस्कारको सिफारिस गरेका थिए। दुवैले ट्रम्पले तनावग्रस्त क्षेत्रहरूमा शान्ति ल्याउन सहयोग पुऱ्याएको भन्दै अन्तर्राष्ट्रिय मान्यता दिनुपर्ने बताएका छन्।

**ट्रम्पको 'नोबेल कूटनीति' : नर्वेली मन्त्रीलाई फोन**

नोबेल पुरस्कार पाउने चाहनामा ट्रम्प आफै पनि यसरी अघि बढेका छन् कि उनले नर्वे सरकारकै वरिष्ठ मन्त्रीलाई पनि फोन गरेर आफ्नो 'योग्यता' पुगेको बताएका छन्। नर्वेका अर्थमन्त्री जेन्स स्टोल्टेनबर्गलाई उनले गत महिना फोन गरेर भन्सार सहकार्यबारे छलफल गरे। तर सोही कुराकानीमा उनले आफूले नोबेल पुरस्कार पाउनुपर्ने दाबी पनि अघि सारेको खुलासा भएको छ।

स्टोल्टेनबर्गले भने, 'हामीले आर्थिक सहकार्यबारे कुरा गर्यौं तर बाँकी विषयमा म केही भन्न चाहन्नँ।'

तर अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूका अनुसार, ट्रम्पले यसअघि पनि स्टोल्टेनबर्गसँग नोबेल शान्ति पुरस्कारबारे कुरा उठाएका थिए।

**ओबामाले पाउने, उनले किन नपाउने ?**

ट्रम्पले नोबेल शान्ति पुरस्कार प्रतिको आकर्षण पहिलेबाट नै देखाउँदै आएका थिए। उनले बारम्बार पूर्वराष्ट्रपति बाराक ओबामाले कुनै ठूला उपलब्धि बिना नै शान्ति पुरस्कार पाएको भन्दै आलोचना पनि गरेका छन्। आफूले भने वास्तविक युद्ध रोकेको, संघर्ष समाधानमा भूमिका खेलेको जस्ता दाबी गर्दै ट्रम्पले नोबेल पुरस्कारमा आफ्ना योग्यताका रुपमा दोहोऱ्याइरहेका हुन्छन्।

**रुस-युक्रेन युद्ध रोक्न 'अलास्का कूटनीति'?**

नोबेल पुरस्कारप्रति यति धेरै मोह देखाएका ट्रम्प अहिले रुस-युक्रेन युद्ध अन्त्य गराउने दाबी पनि गरिरहेका छन्। यसै सन्दर्भमा उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग अमेरिकाको अलास्कामा भेटे तर उनले सोचेजस्तो सफलता भने हात पार्न सकेनन्। पुटिनपछि जेलेन्स्कीसँगको भेट र यस्ता गतिविधिलाई ट्रम्पले नोबेल पुरस्कारप्रतिको अर्को रणनीति बनाउन खजिरहेका छन्।

डोनाल्ड ट्रम्पले विश्व राजनीतिमा कतिपय विवादास्पद निर्णय लिएका भए पनि उनी अब आफूलाई 'शान्तिको नायक'का रूपमा स्थापित गर्न प्रयासरत देखिन्छन्। उनका समर्थकहरू उनलाई नोबेल पुरस्कारको वास्तविक हकदार मानिरहेका छन् भने आलोचकहरू यो अभियानलाई प्रचारबाजीको एउटा रूप मात्र ठानिरहेका छन्। जे होस्, ट्रम्पको नोबेल यात्राले विश्व राजनीतिमा एकपटक फेरि नयाँ शिराबाट बहस शुरु भएको छ।

# क्वान्टस एयरवेजमाथि भारी जरिवाना



**कोरोनाकालमा १८ सय कर्मचारीलाई अवैधरूपमा हटाएपछि ५९ मिलियन डलर सजाय**

अष्ट्रेलियाको संघीय अदालतले क्वान्टस एयरवेजलाई कोभिड-१९ महामारीको समयमा १८ सय २० भन्दा बढी ग्राउन्ड स्टाफलाई अवैध रूपमा हटाएको आरोपमा ९० मिलियन अष्ट्रेलियन डलर (झन्डै ५९ मिलियन अमेरिकी डलर) जरिवाना सुनाएको छ। यो अष्ट्रेलियाको इतिहासमै कुनै पनि कम्पनीमाथि तोकिएको सबैभन्दा ठूलो जरिवाना हो।

न्यायाधीश माइकल लीले यो फैसला गर्दै भने, 'क्वान्टसको आक्रामक र निर्लज्ज व्यवहार अन्य ठूला कम्पनीहरूका लागि गम्भीर चेतावनी हुनुपर्छ।' उनले कम्पनीले कर्मचारीहरूलाई परेको क्षतिको दोष स्वीकारे पनि क्षतिपूर्ति दिनबाट बच्न कानूनी बहाना खोज्दै आएको बताए।

कम्पनीले जरिवाना तिर्ने र आफ्नो गल्ती स्वीकार्ने घोषणा गरिसकेको छ। क्वान्टस समूहकी प्रमुख कार्यकारी भेनेसा हडसनले भनिन्, 'हामी ती सबै कर्मचारी र उनका परिवारहरूसँग गहिरो माफी चाहन्छौं। पाँच वर्षअघि गरिएको आउटसोर्सिङको निर्णय त्यो पनि महामारीको अनिश्चित समयमा वास्तवमै पीडादायक थियो।'

यो मुद्दा ट्रान्सपोर्ट वर्कर्स युनियनले अदालतमा दायर गरेको थियो। फैसला अनुसार जरिवानाको सम्पूर्ण रकम युनियनलाई दिइनेछ। यूनियनले यो निर्णयलाई 'डेभिड र गोलिथको पाँच वर्ष लामो संघर्षमा मजदुर पक्षको ऐतिहासिक विजय' भन्दै स्वागत गरेको छ।

यसअघि नै अदालतले २०२३ मा एक सय २० मिलियन अष्ट्रेलियन डलर क्षतिपूर्ति पीडित कर्मचारीहरूलाई प्रदान गर्ने आदेश दिएको थियो। यसविरुद्ध क्वान्टसले गरेको अपिल असफल भएको थियो।

यो फैसला आउनुअघि, सन् २०२४ मा पनि क्वान्टसले पहिले नै रद्द गरिएका उडानका टिकट बेचेको आरोपमा १०० मिलियन डलर जरिवाना तिर्नु परेको थियो।

न्यायाधीश लीका अनुसार, कम्पनीले २०२० मा ग्राउन्ड सेवा आउटसोर्स गर्दा त्यसको मुख्य उद्देश्य यूनियनको प्रभाव घटाउने रहेको थियो। उनले चेतावनी दिँदै भने, 'कुनै पनि कम्पनीले व्यापारिक जोखिम घटाउने बहानामा कामदारको अधिकार मिच्न पाउँदैन।'

# बेइजिङमा रोबोट खेलकुद, १६ देशका २८० टोली सहभागी



बेइजिङ, (एजेन्सी) - चीनले कृत्रिम बौद्धिकता (एआई) र रोबोटिक्समा आफ्नो प्रगति प्रदर्शन गर्नका लागि शुक्रबारदेखि तीन दिन लामो विश्व ह्युमनोइड रोबोट खेलकुद आयोजना गऱ्यो। यो प्रतियोगितामा १६ देशका २८० टिमले सहभागिता जनाएका छन्।

प्रतियोगितामा रोबोटहरूले दौड, टेबल टेनिसजस्ता खेलमा प्रतिस्पर्धा गरे भने औषधि छान्ने, सामग्री व्यवस्थापन गर्ने र सफाइ सेवा दिने जस्ता रोबोट-केन्द्रित कार्यहरू पनि समेटिएका थिए।

अमेरिका, जर्मनी, ब्राजिल लगायतका देशबाट आएका टिममध्ये १९२ टिम विश्वविद्यालयहरूबाट र बाँकी ८८ टिम निजी कम्पनीहरूबाट सहभागी भएका थिए। चीनका यूनिट्री र फोरिएर इंटेलिजेन्स जस्ता कम्पनीहरूका साथै बुस्टर रोबोटिक्सका रोबोटहरू प्रयोगमा ल्याइएका थिए।

जर्मनीको लाइप्जिग एप्लाइड साइन्स विश्वविद्यालय अन्तर्गतको एचटीडब्लूके रोबोट फुटबल टिमका सदस्य म्याक्स पोल्टरले भने, 'हामी यहाँ खेल्न र जित्न आएका छौं तर अनुसन्धानको चासो पनि छ।'

उनले थपे, 'यस प्रतियोगितामा धेरै नयाँ र रोमाञ्चक प्रविधि परीक्षण गर्न सकिन्छ। कुनै तरिका प्रयोग गर्दा सफल भएन भने खेल हारिन्छ। यो दुःखद हो तर यो असफल उत्पादनमा ठूलो लगानी गर्नुभन्दा राम्रो हो।'

बेइजिङमा भएको यो खेलकुदमा टिकटको मूल्य १२८ देखि ५८० युआन (अर्थात् १७.८३ देखि ८०.७७ अमेरिकी डलर) थियो। रोबोटहरू फुटबल खेल्दा पटक-पटक एकआपसमा ठोक्किएर ढलेका थिए भने दौड प्रतियोगितामा बीचमै लडेका दृश्यले दर्शकलाई रोमाञ्चित तुल्याएको थियो।

एउटा फुटबल खेलमा चार रोबोट एकैसाथ ठोक्किएर थुप्रोमा परिणत भएका थिए। १५०० मिटर दौडमा एउटा रोबोट तीव्र गतिमा दौडिँदै गर्दा अचानक लड्यो, जसले दर्शकहरूलाई आश्चर्य र उत्साहित दुवै बनायो।

पटक-पटक मानवीय सहयोग आवश्यक भए पनि थुप्रै रोबोटहरू आफैं उठ्न सफल भएका थिए। यो देखेर दर्शकले खुशीले ताली बजाएका थिए।

आयोजकहरूले यो प्रतियोगिता रोबोट विकासका लागि अत्यन्त उपयोगी डाटा सङ्कलनको अवसर भएको बताएका छन्। विश्लेषकहरूका अनुसार फुटबल खेलमार्फत रोबोटहरूबीच समन्वय गर्ने सीप विकास हुन्छ। यो भविष्यमा कारखानाहरूमा विभिन्न यन्त्रहरूबीचको सहकार्यका लागि उपयोगी हुन सक्छ।

हालै चीनले बेइजिङमा विश्वकै पहिलो ह्युमनोइड रोबोट म्याराथन, रोबोट सम्मेलन र ह्युमनोइड रोबोटहरूका लागि खुद्रा पसलहरूको उद्घाटनसमेत गरेको छ।

हालैको एक रिपोर्टअनुसार, गत वर्षको तुलनामा रोबोट सम्मेलनमा आम नागरिकको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ। मोर्गन स्ट्यान्लीका विश्लेषकहरूले यो प्रवृत्तिलाई चीनले शारीरिक रूपमा बौद्धिकतालाई केवल सरकारी तहमा मात्र नभई जनस्तरसम्म अँगाल्न थालेको प्रमाण भनेका छन्।

# चीन-जर्मनी कूटनीतिक तिक्तता

बेइजिङ (एजेन्सी)- चीनले सोमबार जर्मनीमाथि एशिया-प्रशान्त क्षेत्रमा 'तनाव बढाउने र उक्साउने' आरोप लगाएको छ। पछिल्लो समय जर्मन विदेशमन्त्री जोहान वाडेफुलले चीनप्रति दिएको टिप्पणीपछि दुई मुलुकबीचको कूटनीतिक सम्बन्धमा चिसोपन देखिएको हो।

जापान भ्रमणका क्रममा विदेशमन्त्री वाडेफुलले चीनमाथि 'बढ्दो आक्रामकता' देखाएको आरोप लगाउँदै त्यसले बारम्बार एकतर्फी रूपमा क्षेत्रीय यथास्थिति बदल्न खोजेको बताएका थिए। उनले चेतावनी दिँदै भनेका छन्, 'एशिया-प्रशान्त क्षेत्रमा कुनै पनि तनावले विश्वव्यापी सुरक्षा र अर्थतन्त्रमा गम्भीर असर पार्न सक्छ।'

त्यसको प्रतिवाद गर्दै चीनको विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले क्षेत्रीय अवस्था सामान्य रहेको बताइन्। उनले पूर्वी र दक्षिण चीन सागरको स्थायित्वमा बाह्य हस्तक्षेपले असर पार्ने भन्दै सबै पक्षले वार्ता र परामर्शबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिइन्। 'ताइवान चीनको आन्तरिक मामिला हो, यसबारे अरूले टिप्पणी गर्नु अनुचित हो,' उनले स्पष्ट पारिन्।

यसैबीच, वाडेफुलले टोकियोमा आयोजित पत्रकार सम्मेलनमा चीनमाथि रुसको युद्ध प्रयासमा प्रत्यक्ष समर्थन गरेको आरोपसमेत लगाएका छन्। उनका अनुसार, चीन रुसका लागि दोहोरो प्रयोगका सामग्रीहरूको सबैभन्दा ठूलो आपूर्तिकर्ता बनेको छ, र तेल-ग्यासको प्रमुख ग्राहकसमेत हो। "चीनको सहयोगविना युक्रेनमाथि जारी युद्ध सम्भव हुने थिएन," वाडेफुलको टिप्पणी थियो।

उता, सोमबार अमेरिकाको वासिङ्टनमा युक्रेन शान्ति वार्ता भइरहेका बेला चीनले सबै पक्षलाई निष्पक्ष, बाध्यकारी र स्वीकार्य शान्ति सम्झौतामा पुग्न आग्रह गरेको छ। चिनियाँ प्रवक्ता माओ निङका अनुसार, चीनले रुस-अमेरिका संवाद र युद्ध समाधानतर्फ उन्मुख कूटनीतिक प्रयासको स्वागत गर्छ।

# दुर्लभ गुलाबी हीरा चोरी आरोपित तीन पक्राउ



दुबई प्रहरीले दुई करोड ५० लाख अमेरिकी डलर बराबरको बहुमूल्य गुलाबी हीरा चोरेको केही घण्टामै तीनजना आरोपित व्यक्तिलाई पक्राउ गरेको जनाएको छ।

संयुक्त अरब इमिरेट्स (युएई) को आधिकारिक समाचार संस्था डब्लूएएमले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दुबई पुलिस जनरल कमान्डले दुई करोड ५० लाख अमेरिकी डलर बराबरको दुर्लभ गुलाबी हीरा चोरी गर्ने व्यक्तिलाई सुरक्षा नियन्त्रणमा लिएको छ।'

युरोपबाट गहना लिएर आएका एक हीरा व्यापारीलाई एक आपराधिक गिरोहले आफूले सम्भावित धनाढ्य ग्राहक देखेको सो हीरा बेचिदिने बहाना गरी भिल्लामा लगेका तर नक्कली हीरा व्यापारीले हीरा हेर्ने बहानामा उक्त रत्न चोरी गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको विज्ञप्तिमा उल्लेख छ।

दुबई प्रहरीको 'विशेष र फिल्ड टोलीहरूको प्रयास र नवीनतम एआई प्रविधि प्रयोग गरेर' घटनामा संलग्न भनिएका तीन जनालाई आठ घण्टाभित्रै पक्राउ गरिएको प्रहरीले जनाएको छ।

दुबई मिडिया अफिसले सार्वजनिक गरेको भिडियो फुटेजमा पक्राउ परेका अभियुक्तको अस्पष्ट अनुहारसहित गिरोहका तीनै जनालाई देखिएको छ। हीरा व्यापारको लागि दुबई एक महत्त्वपूर्ण केन्द्र मानिन्छ। *(एजेन्सी)*

**बिमालेख हराएको सूचना**

मिति २०८२।०४।१० गते पुलचोकबाट कृष्णपुर जाने क्रममा मेरा नाममा रहेको सानिमा रिलायन्स लाइफ इन्सुरेन्स पोलिसी नं. ३०९०००००२६९ को बिमालेख हराइरहेको हुँदा पाउनुहुने महानुभावले तलको ठेगाना, बिमा कार्यालय वा नजिकको प्रहरी चौकीमा बुझाइ दिनुहुन हार्दिक अनुरोध गर्दछु।

नाम : आनन घिमिरे
ठेगाना : भरतपुर-४, चितवन
मो.नं. : ९८४५४४७०५५, ९८४५३९७४५०

**सच्याइएको**

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको मिति २०८२ श्रावण ३० गते शुक्रबार News 24 राष्ट्रिय दैनिकमा प्रकाशित Unaudited Financial Results (Quarterly) को Earnings per Share शीर्षक अन्तर्गत निम्न अनुसारको व्यहोरा हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ।

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Earnings per Share | | | | |
| Basic Earnings per Share | | 13.20 | | 13.78 |
| Annualized Basic Earnings Per Share | | 13.20 | | 13.78 |
| Diluted Earnings per Share (Annualized) | | 13.20 | | 13.78 |

Progressive Finance Limited

Corporate Office

# ‘नेपाल विद्युतीय र स्मार्ट मोबिलिटीको नयाँ युगमा छ’



‘नाडा अटो शो २०२५’ आजदेखि काठमाडौंमा सुरु हुँदैछ । नेपालका अटोमोबाइल प्रेमी र व्यवसायीहरूका लागि नाडा नयाँ र नवीनतम सवारी साधनको अवलोकन गर्ने, उद्योगका प्रवृत्ति बुझ्ने र व्यापारिक सम्भावनाहरूको मूल्यांकन गर्ने उत्कृष्ट प्लेटफर्म हो । यस वर्षको नाडा अटो शोले अटोमोबाइल क्षेत्रको प्रगति र प्रविधिको नयाँ आयाम प्रस्तुत गर्दै, अवलोकनकर्ताहरूका लागि नयाँ अनुभव दिने लक्ष्य राखेको छ । नेपालमा अटो उद्योगको वृद्धि र नवप्रवर्तनको संकेत दिने यस प्रदर्शनले ग्राहकको चासो मात्रै बढाउने होइन नयाँ प्रविधिमा आकर्षित गर्ने प्रयास गर्नेछ । यस वर्षको शोको मुख्य आकर्षण, प्रदर्शकहरूको विविधता र सवारी उद्योगमा देखिएका नयाँ प्रविधि र प्रवृत्ति हुनेछन् । यसले नेपाली अटोमोबाइल बजार र व्यवसायिक समुदायका लागि महत्वपूर्ण अवसरको रूपमा काम गर्छ भन्ने स्पष्ट चित्र प्रस्तुत गर्ने विश्वास गरिएको छ । यसै सन्दर्भमा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष ***करणकुमार चौधरी***सँग हाम्रा सहकर्मी ***धना ढकाल***ले गरेको संवाद :

***१७औं संस्करणको नाडा अटो शोको तयारी कस्तो भइरहेको छ ?***

नाडा अटो शो २०२५ को तयारी निकै मजबुतरूपमा अघि बढिरहेको छ। स्टल बुकिङ पूरा भइसकेको छ, ३० भन्दा बढी प्रमुख ब्राण्डहरूको सहभागिता सुनिश्चित भएको छ। प्रदर्शनी स्थल भृकुटीमण्डपलाई अन्तर्राष्ट्रिय स्तरमा व्यवस्थित बनाउन आवश्यक प्रविधि, सुरक्षात्मक तथा व्यवस्थापकीय काम भइसकेको छ ।

***नाडा अटो शोको मुख्य आकर्षण के रहेको छ ?***

यसपटकको मुख्य आकर्षण नेपालमै पहिलोपटक प्रदर्शनीमा ल्याइने डीपलको उड्ने ट्याक्सी र युनीट्री रोबोट्स रहनेछ। साथै, विद्युतीय गाडीका नयाँ मोडलहरू, अत्याधुनिक प्रविधि, स्मार्ट मोबिलिटी समाधान र भिन्टेज मोटर शोले दर्शकलाई विशेष अनुभव दिनेछन् ।

***प्रदर्शनीमा कति अवलोकनकर्ता आउने अनुमान छ ?***

विगतका वर्षहरूको अनुभव हेर्दा यसपटक १ लाखभन्दा बढी दर्शकले प्रदर्शनी अवलोकन गर्ने अनुमान गरिएको छ। शो केवल प्रदर्शनी नभई परिवार, व्यवसायी र युवापुस्तालाई आकर्षित गर्ने मेलाका रूपमा स्थापित हुँदै गएको छ।

हामीले यसपटक विद्युतीय सवारीलाई महत्व दिएकाले अवलोकनकर्ताले नयाँ अनुभव पाउने विश्वास गरेका छौं ।

***नयाँ ब्राण्ड कति संख्यामा सार्वजनिक हुनेछन ?***

यसपटक करिब १५ भन्दा बढी नयाँ मोडल (दुईपांग्रे र चारपांग्रे) सार्वजनिक हुँदैछन् । जसमा विशेष रूपमा इलेक्ट्रिक मोडलहरूको बढी उपस्थिति रहनेछ। अहिले नेपाली बजारमा विद्युतीय गाडीमा आकर्षण बढ्दै गएको छ। त्यसैले हामीले विद्युतीय गाडीका नयाँ प्रविधि र मोडलका गाडीलाई प्रदर्शनीमा स्थान दिएका छौं ।

***प्रदर्शनी अवधिमा अवलोकनकर्ता आउने जाने त भइ नै रहन्छ । तर तपाइहरूले चलाउने छलफल सत्रमा के कस्ता विषयहरू समावेश गरिएका छन् ?***

यस अवधिमा हामीले विभिन्न विषयमा छलफल तथा सेमिनार गर्ने भएका छौं । खासगरी विद्युतीय गाडीको प्रवर्द्धन, चार्जिङ इन्फ्रास्ट्रक्चर, भविष्यको स्मार्ट मोबिलिटी, वित्तीय सहुलियत तथा उपभोक्ता सुरक्षा सम्बन्धी विषयमा सेमिनार आयोजना गरिनेछ। यसले नीति निर्मातादेखि उपभोक्ता र व्यवसायीसम्म सबै सरोकारवालालाई प्रत्यक्ष संवादमा ल्याउनेछ ।

***यो प्रदर्शनीले देशको अर्थतन्त्र सुधारमा कसरी प्रभाव पार्नेछ ?***

शोमार्फत प्रत्यक्षरूपमा अर्बौंको कारोबार हुने अपेक्षा गरिएको छ। साथै, यसले रोजगार सिर्जना, आयात/व्यापार प्रवर्धन, पर्यटक आकर्षण र कर संकलनमा सकारात्मक योगदान दिनेछ। यसले अटोमोबाइल क्षेत्रको समग्र अर्थतन्त्रमा गति दिनेछ।

अटोमोबाइल बिजनेस बढ्दा बैंकिङ गतिविधि पनि बढ्ने छ। बैंकबाट ऋण लिएर गाडी किन्नेहरू धेरै हुन्छन् । अहिले कर्जाको माग बढ्न नसकिरहेको अवस्थामा गाडी बिक्री धेरै हुँदा बैंकहरूको बिजनेस पनि बढ्न सक्छ। त्यसैले, यसको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ भन्ने विश्वास हामीले गरेका छौं ।

***हिजोआज विद्युतीय गाडी आयात बढी नै देखिन्छ । यो शोमा विद्युतीय सवारीले मात्रै स्थान पाउने त होइन ?***

नेपालमा अहिले विद्युतीय गाडीको हिस्सा तीव्ररूपमा बढिरहेको छ। आयात भएका नयाँ सवारीमध्ये ७५ प्रतिशतभन्दा बढी विद्युतीय गाडी नै छन् । यसपटकको अटो शोमा पनि ७० प्रतिशतभन्दा बढी मोडलहरू विद्युतीय हुनेछन्, बाँकीमा पेट्रोलियम मोडल र हाइब्रिड सवारी रहनेछन् ।

***मर्मत-सम्भार तथा ग्यारेज अभावबारे नाडाले के गरिरहेको छ?***

उपभोक्ताको चासोलाई ध्यानमा राख्दै, नाडाले आयातकर्ताहरूसँग मिलेर बिक्री भइसकेपछिको सेवालाई प्रभावकारी बनाउने विषयलाई सधैं प्राथमिकतामा राखेको छ। हाल विभिन्न विद्युतीय गाडी आयात गर्ने कम्पनीहरूले नेपालभरि सर्भिस केन्द्र विस्तार गरिरहेका छन् र नाडाले यसलाई थप संस्थागत गर्न पहल गरिरहेको छ ।

***सरकारको अहिलेको मौजुदा नीति अटोमोबाइल्स क्षेत्र मैत्री छ त ?***

यो वर्ष सरकारले कर संरचना (भन्सार शुल्क र अन्तशुल्क) स्थिर राखेर सकारात्मक सन्देश दिएको छ, जसले व्यवसायमा स्थिरता ल्याएको छ । साथै, विद्युतीय गाडीको प्रवर्द्धनमा सरकारले प्रोत्साहन, चार्जिङ स्टेशन विस्तार र पूर्वाधार विकासको योजना ल्याएको छ। यो नीतिले अटोमोबाइल क्षेत्रमा दीर्घकालीन लाभ पुऱ्याउने अपेक्षा गरिएको छ ।

**‘पहिलोपटक उड्ने ट्याक्सी र युनीट्री रोबोट्स प्रदर्शनीमा राखिने छ भने विद्युतीय गाडीका नयाँ मोडलहरू, अत्याधुनिक प्रविधि, स्मार्ट मोबिलिटी र भिन्टेज मोटरले दर्शकलाई नयाँ अनुभव दिनेछ’**

**‘नेपालमा विद्युतीय गाडीको प्रयोग तीव्ररूपमा बढिरहेको छ । आयात भएका नयाँ सवारीमध्ये ७५ प्रतिशत विद्युतीय छन्, यसपटकको अटो शोमा पनि ७० प्रतिशत इभी हुनेछन्’**

**‘सरकारले भन्सार शुल्क र अन्तशुल्क स्थिर राखेको छ, जसले व्यवसायमा स्थिरता ल्याएको छ । यस्तै, चार्जिङ स्टेशन विस्तार र पूर्वाधार विकासको योजना ल्याएको छ, जसले अटोमोबाइल क्षेत्रमा दीर्घकालीन लाभ पुऱ्याउने छ’**

# फरकफरक विशेषता देखाउने होडमा अटो व्यवसायी

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) द्वारा आयोजना गरिने ‘नाडा अटो शो २०२५’को मुख्य नारा ‘गो फर मोर’ दिइएको छ। शोमा चार पांग्रे रोबोट्स र डिपल इभिटिओल युभिए (उड्ने ट्याक्सी) मुख्य आकर्षणको रूपमा रहनेछन् । नाडाले अटो शोमार्फत नयाँ प्रविधि, विद्युतीय सवारी, स्मार्ट मोबिलिटी समाधान र व्यवसायिक अवसरको प्रस्तुति गर्ने लक्ष्य राखेको छ।

नेपालमै बनेका टायर, ब्याट्री, लुब्रिकेन्टलगायत अटो पार्टस प्रदर्शनमा राखिनेछन् । विद्युतीय सवारी साधनको बढ्दो प्रयोगलाई प्रवर्द्धन गर्ने उद्देश्य नाडाको छ। अवैध आयात रोक्ने र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने माग गरिएको छ। अटो शोले बिक्री, रोजगारी र अर्थतन्त्र दुवै चलायमान गराउने अपेक्षा व्यवसायीहरूले गरेका छन् । प्रदर्शनीबाट नेपाली अटोमोबाइल उद्योगमा नवप्रवर्तन र व्यापारिक सम्भावनालाई प्रवर्द्धन गर्नुका साथै देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। यहाँ अटो शोको तयारी, प्रमुख आकर्षण र यसले ल्याउने सम्भावित अवसरका बारेमा नाडा कार्यसमिति पदाधिकारीहरूको भनाइ समेटेका छौं ।

## अर्थतन्त्र चलायमान हुन्छ



**बिक्रम सिंघानिया**
सचिव,
नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल

१७औं संस्करणको नाटा अटो शो २०२५ आजबाट सुरु हुँदैछ। हामीले यसको सम्पूर्ण तयारी पूरा गरिसकेका छौं। अहिले बर्खायाम भएकाले दैनिक पानी परिरहेको हुँदा प्रदर्शनी स्थलहरूपमा पानी चुहिने समस्या नहोस् भनेर ‘वाटर प्रुफिङ’ गरेका छौं । भृकुटीमण्डप गेटबाट भित्र प्रवेश गर्ने बितिक्कै नै ‘वाटर प्रुफिङ’ गरेका छौं । भृकुटीमण्डप परिसरभित्र प्रवेश गरिसकेपछि नाडा शो हेर्न आउने अवलोकनकर्ता दर्शक तथा ग्राहकलाई पानी परेको बेलामा पनि कता गएर ओत लागौं भन्ने समस्या यसपटक नहुने गरि तयारी गरेका छौं ।

अटो शोको मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले औपचारिकरूपमा उद्घाटन गर्ने कार्यक्रम छ। औपचारिक कार्यक्रम सकिएपछि सर्वसाधारणका लागि टिकट खुल्ला गरिनेछ। साँझ ६.३० बजेसम्म अवलोकनकर्ताले टिकट काटेर प्रदर्शनी स्थलमा प्रवेश गर्न सक्नेछन् । साँझ ७ बजेसम्म अटो शोका स्वरुमहरू खुल्नेछन् । २ लाख भन्दा बढी अवलोकनकर्ता आउने सम्भावना रहेको छ। तर, हाम्रो तयारी र भृकुटीमण्डपको क्षमतालाई आधार मान्दा १ लाख भन्दा बढी अवलोकनकर्ता आउने छन् ।

नाडा शोमा दुई पांग्रे चार पांगे सवारी साधन प्रदशर्नीमा राखिँदैछ। यसपटक सवारी साधनका साथै अटो पार्टस् (गाडीमा लाग्ने उपकरण-अटो कम्पोनेन्टस्) का स्टलहरू पनि राख्दैछौं । अहिले नेपालमा गाडीका धेरै पार्टस् बनिरहेका छन् । नेपालमै उत्पादन भएका टायर, लुब्रिकेन्ट, ब्याट्री लगायतका अटो पार्टस्को प्रदर्शनीका लागि पनि स्टलहरू राख्दैछौं । यी बाहेक पनि नेपालमा उत्पादन भएका पार्टस् पनि प्रदर्शनीमा राखिनेछ ।

यसपटक गार्डेन एरियामा पूर्णरूपमा अटो कम्पोनेन्ट्का स्टलहरू राखिनेछ। अटो कम्पोनेन्ट्सको अवलोकनपछि मात्रै प्रदर्शनी हुने मुख्य हलमा प्रवेश गर्न सकिने गरी स्टलहरू राख्दैछौं। मुख्य हलमा चार पांग्रे विद्युतीय गाडीहरू प्रदर्शनीका लागि राखिनेछ। त्यसपछि आउने लाइनमा हेरिटेज भेइकलहरूका स्टलहरू राखिनेछ। हेरिटेज स्टलपछि कर्मसियल भेइकलको सेक्सन सुरु हुनेछ। त्यसपछि भने दुई पांग्रे सवारी साधनको स्टलहरू सुरु हुनेछन्। दुई पांग्रेपछि क्याफेट एरिया हुनेछ र त्यहाँबाट बाहिर निस्कने निकाश द्वार हुनेछ।

यसपटक प्रदर्शनीमा १९ वटा सवारी साधन लन्च हुँदैछन्। जसमा १४ वटा लाइट कमर्सियल भेइकल छन्। ५ वटा दुई पांग्रे सवारी साधन लन्च हुँदैछन्। प्रदर्शनीमा ६० वटा स्टल कम्पोनेन्ट्सको स्टलहरू राख्दैछौं। यी स्टलहरू ४० वटा कम्पनीले लिएका छन् । शोको मुख्य आकर्षण विद्युतीय फ्लाइङ कार (उड्ने कार) र चार पांग्रे रोबोर्टस् रहने छन्। प्रदर्शनीमा राखिने उड्ने कार काठमाडौं ल्याइसकेका छौं । फ्लाइङ ट्याक्सीमा पाइलट चाहिँदैन। २ जना बस्न मिल्छ। यसलाई ड्रोन जसरी नै उडाउन सकिन्छ। अटोमोबाइल्स क्षेत्रमा नयाँ प्रविधि के के आइरहेको छ ? के कस्ता परिवर्तनहरू भइरहेका छन् भन्ने देखाउनका लागि उड्ने कारलाई अटो शोमा प्रदर्शनीमा राख्न लागेका छौं । उड्ने कारलाई प्रदर्शनीमा देखाउनका लागि मात्रै राखिनेछ। यो उडाएर देखाउन सरकारको अनुमति लिनुपर्ने हुन्छ। यो उड्ने कार ३० दिनका लागि धरौटीमा ल्याइएको हो । प्रदर्शनी सकिएपछि फिर्ता हुनेछ।

नेपाली बजारमा अटोमोबाइल्स क्षेत्रमा अहिले विद्युतीय गाडीको ट्रेण्ड छ। हाम्रो प्रसारण प्रणालीमा उपलब्ध सबै विद्युत स्वच्छ ऊर्जा भएकाले पनि विद्युतीय गाडीको बजार बढिरहेको छ। अटो शो हरेक वर्ष आयोजना गर्दा अटोमोबाइल्स क्षेत्रको प्रवर्धन हुने गरेको छ। प्रदर्शनीमा नै धेरै ग्राहक आएर बुझ्ने तथा विभिन्न अफर पाउने हुँदा गाडीको बिक्रीसँगै बुकिङ बढ्ने गरेको छ। यसले देशको अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने गरेको छ। अटो शो पछि गाडीको बिक्री बढ्ने तथा बैंकमा कर्जा सुविधा लिएर गाडी खरिद गर्नेको संख्या बढ्ने र अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

## सरकारले नीतिगतरूपमा सहयोग गर्नुपर्छ



**पंकज अग्रवाल**
सहकोषाध्यक्ष, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल

अटो शोमा प्रदर्शनीमा राखिएका दुई पांग्रे र चार पांग्रे सवारी साधन हेर्ने, बुझ्ने खरिद गर्ने तथा बुकिङ गर्ने अवसर पाउने छन् । सवारी साधनमा स्पेयर्स पार्टस्काबारेमा पनि जानकारी पाउने छन् । नेपालको परिवेशमा नाडा अटो शो एउटा प्रदर्शनी मात्र नभइ अटोमोबाइल्स क्षेत्रलाई चलायमान बनाउने एउटा ठूलो मेला नै हो। प्रदर्शनमा आउने अवलोकनकर्ताले कुनै सवारी साधन खरिद गर्ने हो भने त्यसको बुकिङ नाडा अटो शोमा नै गर्न सक्नेछन् । विभिन्न ब्राण्डका गाडी आयातकर्ता कम्पनीले नाडा अटो शोको मौकामा विभिन्न मूल्यमा छुट तथा अफर पनि दिने गर्छन् । यो फाइदा ग्राहकले नाडा अटो शोमा पाउन सक्नेछन् । अटोमोबाइल्स प्रेमी, गाडी प्रेमी, प्रविधि प्रेमी सबै नाडा अटो शो अवलोकन गर्न आउनुहुनेछ भन्ने अपेक्षा लिएका छौं ।

नाडा अटो शोमा सवारी खरिद तथा बुकिङका लागि मात्र नभइ गाडीका बारेमा बुझ्न तथा कम्पोनेन्टस्हरूका बारेमा बुझ्न आउन सक्नेछन् । त्यसकारण, नाडा अटो शो अटोमोबाइल क्षेत्रको सम्पूर्ण जानकारी एक स्थानमा पाउन सकिने स्थान पनि बन्न सक्नेछ भन्ने हामीले विश्वास लिएका छौं । दुई पांग्रे चार पांग्रे सवारी साधन खरिद गर्ने मन बनाएर आउने ग्राहकका लागि पनि धेरै कुरा बुझेर खरिदको निर्णय गर्न सहज हुनेछ भन्ने हाम्रो विश्वास छ ।

विश्वका लागि विद्युती सवारी नयाँ प्रविधि हो। नेपालको परिवेशमा विद्युतीय सवारी देशको विद्युतीय ऊर्जाको उपयोगबाट चल्ने हुँदा देशको इन्धन भन्ने छ । त्यही कारण पनि अहिले विद्युतीय सवारीको उपयोग नेपालमा बढेको छ । विश्वले पनि यसलाई नजिकबाट हेरिरहेको छ । सरकारले पनि अहिले आन्तरिक विद्युत खपत बढाउनका लागि विद्युतीय सवारी साधन प्रवर्द्धन गरिरहेको छ। त्यही कारण अहिले विद्युतीय सवारी साधनको बिक्री नेपालमा बढेको छ। नेपाली बिक्रेताहरूले समेत ट्रेण्डलाई पछ्याउँदै विद्युतीय सवारीलाई बढावा दिएका छन् । विद्युतीय सवारी साधनका चार्जिङ स्टेसनहरू पनि धेरै बनेका छन् । नेपालमा विद्युतीय सवारीको उपयोग बढेको देखेर विश्व नै चकित बनेको छ। सरकारले पनि अटोमोबाइल क्षेत्रलाई नीतिगतरूपमा सहयोग गरेको छ। चालू आर्थिक वर्षमा अटो मोबाइल्स क्षेत्रका लागि कर नबढाउनु पनि ठूलो सहयोग र विद्युतीय सवारी साधनको प्रवर्धनमा सहयोग गरेको भनेर हामीले बुझेका छौं । मौद्रिक नीति पनि अटो मोबाइल क्षेत्रलाई सहयोग पुग्ने गरी नै आएको छ । मौद्रिक नीतिमा भएको प्रावधानको सफल कार्यान्वयन हुन सक्यो भने देशको अर्थतन्त्रलाई चलायमान बनाउन पक्कै पनि सहयोग पुग्नेछ। अहिलेको वातावरणले अटोमोबाइल्स क्षेत्रको भविश्य उज्वल देखाउँछ।

## व्यवस्थापन चुस्त पारेका छौं



**प्रकाश कपुरी**
कार्यसमिति सदस्य, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल

अटो शोमा मुख्य आकर्षण नै उड्ने कार र रोबर्टस् हुनेछन् । यसबाहेक पनि धेरै ब्राण्डका नयाँ गाडी पहिलो पटक नेपाली बजारमा लन्च हुँदैछन् । ग्राहकको आकर्षण तथा चासो धेरै भएकाले गर्दा हाम्रो प्रदर्शनीस्थल केही सानो हुने हो कि भन्ने लागेको छ। सरकारले नै प्रदर्शनीका लागि फराकिलो नयाँ ठाउँ तोकिदिनु पर्ने माग हामीले गर्दै आएका छौं । तर, अहिलेसम्म सुनुवाइ भएको छैन । यसपटक सानै ठाउँ भए पनि ठूलोभन्दा ठूलो भीड नियन्त्रण हुने गरी नै अवलोकन गर्न सकिने व्यवस्था मिलाएका छौं। अटो शोको अवलोकनमा आउने महिलाका लागि पनि विशेष व्यवस्था गरेका छौं। भृकुटीमण्डप सबैका लागि सहज पहुँच भएको स्थान भएकाले हरेक प्रदर्शनी यही आयोजना हुँदै आएका छन् । तर, अवलोकनकर्ताको चाप हरेक वर्ष बढिरहेकाले यो ठाउँ अलि साँघुरो हुँदै गइरहेको छ । तर पनि यही स्थानलाई सही ढंगले व्यवस्थापन गरेर भूमिगत पार्किङ स्थल बनाएर जाने हो भने सही ढंगले व्यवस्थापन गर्न सकिन्छ। यहाँ आवश्यक संरचना विकास गरेर व्यवस्थित गर्ने हो भने सबै प्रकारका ठूला शोहरू यहाँ गर्न सकिन्छ। यहाँ पार्किङको केही असुविधा छ तर, यसपटक राइड सेयरिङ एपसँग सहकार्य गरेर आफ्नो सवारी साधनबाट नभइ राइड सेयरिङ एपबाट बुकिङ गरेर आउन सकिनेछ। हाम्रा पदाधिकारी पनि आफ्नो गाडी लिएर आउनुको सट्टा याङ्गोको ट्याक्सी चढेर आउने भन्ने कुरा छ ।

हामीले यसपटक पनि मानव जीवन रक्षाका लागि सहयोग पुऱ्याउने उद्देश्यले रक्तदान कार्यक्रम गर्दैछौं । बुधबार र बिहीबार रक्तदान कार्यक्रम हुने तय भइसकेको छ । बाँकी दिनमा पनि रक्तदान कार्यक्रम गर्ने सम्बन्धमा छलफल भइरहेको छ। सामाजिक उत्तरदायित्वअन्तर्गत ट्राफिक नियम पालना गर्न प्रवर्धन गर्न कार्यक्रम गरिनेछ। ट्राफिक प्रहरीलाई सम्मान गर्ने कार्यक्रम पनि हुनेछ।

## नलेज सेयरिङ पनि हुँदैछ



**कपिल शिवाकोटी**
संयोजक, नाडा अटो डायलग तथा वाताबरण कमिटी

नाडा अटो शोमा यसपटक नलेज सेयरिङ कार्यक्रम पनि हुँदैछ। सवारी साधनको अवलोकन गर्नेमात्र नभइ भविष्यको प्रविधिका बारेमा पनि छलफल हुनेछ। महत्त्वपूर्ण कुरा नीतिगत विषयमा पनि छलफल हुँदैछ। सरकारको प्रतिनिधिलाई राखेर अटोमोबाइल्स क्षेत्रका लागि राज्यले सही ढंगले नीतिगत रुपमा सहयोग गरिरहेको छ की छैन भन्नेबारेमा छलफल गर्नेछौं ।

नलेज सेयरिङ कार्यक्रममा सरकारका विभिन्न निकायका प्रतिनिधिहरू सहभागी हुँदैछन् । पहिलो दिनको छलफलमा इन्टरनेशनल डेलिगेट्स् र नाडाका पदाधिकारी बसेर नेपाल र विदेशसँगको व्यापार कस्तो चलिरहेको छ भन्ने सन्दर्भमा छलफल हुनेछ। दोस्रो दिन अटोमोबाइल्स क्षेत्रको भविष्यका बारेमा तथा विद्युतीय सवारीबारे छलफल हुनेछ।

यस्तै, बिहीबार २ वटा नलेज रेयरिङ कार्यक्रम छन् । एउटा हेबी इक्वीपमेन्ट व्यवसायी महासंघ र निर्माण व्यवसायी महासंघसँग मिलेर गरिरहेका छौं । यो सेसनमा सडक पूर्वाधारका बारेमा छलफल हुनेछ।

अर्को, बैंक, अटोमोबाइल, नेपाल राष्ट्र बैंकको नीति, अर्थमन्त्रालयको नीतिका सम्बन्धमा छलफल हुनेछ। त्यसमा अर्थमन्त्रालय, भन्सार विभाग, यातायात व्यवस्था विभागका प्रतिनिधि, बैंकर्स एसोसिएसन र व्यवसायी सहभागी हुनेछन् ।

शुक्रबार सार्वजनिक यातायातका सम्बन्धमा छलफल हुनेछ। यातायात व्यवसायी महासंघ, साझा यातायात, यातायात व्यवस्था विभाग, भौतिक पूर्वाधार मन्त्रालयका प्रतिनिधिले छलफल गर्नेछन् । शनिबारका लागि ‘मेड इन नेपाल’ सत्र छ। त्यसमा नेपाली उत्पादन प्रयोग र बजारको अवस्थाबारे विस्त्रित बहस हुनेछ।

## अवैध माध्यमबाट आउने स्पेयरपार्टस रोक्न पहल गर्छौं



**तेजनारायण साह**
केन्द्रीय उपाध्याक्ष तथा संयोजक, मधेश प्रदेश नाडा

काठमाडौं उपत्यका बाहिर पनि अटोमोबाइल्स क्षेत्रको विकास राम्रो भइरहेको छ। मधेश प्रदेशमा भारतीय सीमासँग जोडिएका जिल्लाका व्यापारीहरूको ठूलो समस्या ‘ग्रे च्यानल’बाट आयात भइरहेका स्पेयरपार्टसका कारण छ। सीमा क्षेत्रको जाँच सही ढंगले नहुँदा गैर कानूनीरूपमा भित्रने सामाग्रीको परिमाण बढिरहेको छ ।

सवारी साधनको पार्टस् चोरी पैठारी भएर आउने हुँदा व्यापारिकलाई मर्का परिरहेको छ । अटोमोबाइल्स क्षेत्रका लागि चर्को भन्सार शुल्क र मूल्य अभिवृद्धि कर लगाइएको छ। यस्तो अवस्थामा चोरी पैठारीकै पार्टस्ले बजार लिइरहेको हुँदा ठूलो समस्या छ। हामीले यस सम्बन्धमा सम्बन्धित निकायमा बारम्बार जानकारी गराएका छौं तर, सुनुवाइ भएको छैन ।

## लुब्रिकेन्ट आयात रोक्न आवाज उठाउँछौं




**दीपेन्द्रकुमार मिश्र**
सभापपति, स्पेयर्स पार्टस् समिति, नाडा

सवारी साधनका लागि नेपालमै लुब्रिकेन्ट उत्पादन हुन थालिसकेको छ। हामी लुब्रिकेन्ट उत्पादनमा आत्मनिर्भर नै भइसकेका छौं। लुब्रिकेन्ट उत्पादन गर्ने उद्योगहरू एक दर्जन बढी छन् । यति हुँदाहुँदै पनि लुब्रिकेन्ट आयात भइरहेको छ। करिब ७ वटा ब्याट्री उद्योग पनि नेपालमा सञ्चालनमा आइसकेका छन् । विराटनगर र चितवनमा गरी टायर उत्पादन गर्ने उद्योग २ वटा छन्। स्पेयर्स पार्टस्मा पनि ब्रेक सु, क्लज प्लेट यहीं उत्पादन हुन थालिसकेको छ।

हेल्मेट नेपालमै बन्न थालिसकेको छ। अहिले आयात गरेर बिक्री गर्ने आयातकर्ताहरू नेपालकै उत्पादन बिक्री गर्न लागिरहेका छन् । त्यसकारण, अबको २ देखि ३ वर्षमा दुई पांग्रे र चार पांग्रे सवारी साधनका स्पेयर्स पार्टस् सबै यहीं पाइन्छ। धेरै भन्दा धेरै नेपाली उत्पादनको उपयोग गर्ने नीति ल्याएर सरकारले पनि सहयोग गर्नुपर्छ।

# नेप्से सूचकमा सामान्य बढोत्तरी




news 24

**काठमाडौं, भदौ २**

शेयरबजार सोमबार रङ परिवर्तन भई हरियो बनेर बन्द भएको छ। कारोबार मापक नेप्से परिसूचक ९.१६ अंकले बढेर २७७०.३९ विन्दुमा पुगेको छ। यसअघि साउन १३ गते ३०२८ विन्दुसम्म पुगेको नेप्से त्यसयता घट्दो क्रममा थियो। गतसाता पनि नेप्सेमा ६२ अंकको गिरावट भयो। यस साताको पहिलो कारोबार दिन आइतबार पनि नेप्से २७ अंकले घटेपछि लगानीकर्ता दबाबमा छन्।

सोमबार बजारको घट्दो क्रममा ब्रेक लागेको छ। तर, कारोबार रकममा कमी आएको छ। ६ अर्ब १७ करोड ९८ लाख ५५ हजार रुपैयाँ बराबरको १ करोड ५२ लाख २९ हजार ८२१ कित्ता शेयर किनबेच भएको छ। आइतबार ७ अर्ब ७३ करोड बढीको कारोबार भएको थियो। कारोबार भएका २४९ कम्पनीमध्ये १७५ वटाको शेयरमूल्य बढेको छ। बाँकी ७४ कम्पनीको घटेको छ।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ सूचक पनि ०.३५ प्रतिशत बढेर ४७५.३३ विन्दुमा कायम भएको छ। साधारण शेयरको कारोबारमापन गर्ने फ्लोट सूचक ०.३४ प्रतिशत बढेर १८९.७९ विन्दुमा पुगेको छ। सेन्सिटिभ फ्लोट सूचक पनि ०.३९ प्रतिशत बढेर १६२.६६ विन्दुमा पुगेको छ।

यसदिन सूचीकृत १३ समूहमध्ये म्युचुअल फण्ड र अन्य समूह घटेका छन्। बाँकी सबै समूह बढेका छन्। व्यापार समूह सबैभन्दा धेरै १.२९ प्रतिशत बढेको छ। त्यसपछि, जलविद्युत समूह ०.९७, उत्पादन तथा प्रशोधन ०.४९, लगानी ०.४३, निर्जीवन बीमा ०.३८, जीवन बीमा ०.३२, विकास बैंक ०.३१, होटल तथा पर्यटन ०.२४, बैंकिङ ०.१७, लघुवित्त ०.१० र फाइनान्स ०.०९ प्रतिशत बढेका छन्। अन्य समूह ०.५८ प्रतिशत र म्युचुअल फण्ड ०.४९ प्रतिशत घटेको छ।

शेयरमूल्य बढेका कम्पनीहरूमध्ये सबैभन्दा धेरै युनियन हाइड्रोपावरको ६.१० प्रतिशत बढेको छ। त्यसपछि अपर स्याङ्गे हाइड्रोपावरको ५.९४, अपर लोहोरे खोला हाइड्रोपावरको ५.४३, दोर्दी खोला जलविद्युत् कम्पनीको ४.७८ र लिवर्टी इनर्जी कम्पनीको ४.५४ प्रतिशत बढेको छ।

सम्पदा लघुवित्त वित्तीय संस्थाको शेयरमूल्य सबैभन्दा धेरै ४.८१ प्रतिशत घटेको छ। त्यसपछि, समता घरेलु लघुवित्त वित्तीय संस्थाको ३.५३, नेपाल रिपब्लिक मिडियाको ३.३६, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीको २.५३ र सप्तकोशी डेभलपमेन्ट बैंकको १.६४ प्रतिशत घटेको छ।

सर्वाधिक शेयर कारोबार नेपाल रिइन्स्योरेन्स कम्पनीको २१ करोड ७५ लाख रुपैयाँको भएको छ। त्यसपछि बुटवल पावर कम्पनीको २० करोड ९६ लाख रुपैयाँ, एनआरइन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको १८ करोड ७५ लाख, कालिका पावर कम्पनीको १८ करोड ५ लाख र हिमालयन डिस्टिलरीको १७ करोड ६६ लाख रुपैयाँको शेयर कारोबार भएको छ।

यसदिन लगानीकर्ताको सम्पत्ति १७ अर्ब रुपैयाँ बढेको छ। बजार पुँजीकरण ४६ खर्ब २६ अर्ब रुपैयाँ पुगेको छ। यस्तै साधारण शेयर तर्फको बजार पुँजीकरण पनि ६ अर्ब रुपैयाँ बढेर १५ खर्ब ६७ अर्ब रुपैयाँ कायम भएको छ।

| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २,७७०.३९ |
| कारोबार रकम (रु) | ६,१७९,८५५,२०९ |
| कारोबार भएको शेयर संख्या | १५,२२९,८२१ |
| कारोबार भएका कम्पनी | २४९ |
| बजार पुँजीकरण | ४,६२६,२६१,४९५,५३५ |

समूहगत सूचक

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४३३.८७ | ०.१७ |
| विकास बैंक | ५,८४६.९३ | ०.३१ |
| फाइनान्स | २,४८०.७८ | ०.०९ |
| होटल तथा पर्यटन | ६,९५८.५० | ०.२४ |
| जलविद्युत् | ३,६०९.२९ | ०.९७ |
| लगानी | १११.८७ | ०.४३ |
| जीवन बीमा | १३,०२१.२५ | ०.३२ |
| उत्पादन तथा प्रशोधन | ७,५९८.४० | ०.४९ |
| लघुवित्त | ५,१७२.४७ | ०.१० |
| म्युच्युअल फण्ड | २०.३५ | -०.४९ |
| निर्जीवन बीमा | १२,३८८.१३ | ०.३८ |
| व्यापार | ४,१६०.३९ | १.२९ |
| अन्य | २,६०९.८८ | -०.५८ |

सर्वाधिक मूल्य बढेका पाँच कम्पनी

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| युनियन हाइड्रोपावर लि. | ४०८.३५ | २३.४७ | ६.१० |
| अपर स्याङ्गे हाइड्रोपावर लि. | ७७८.८३ | ४३.६८ | ५.९४ |
| अपर लोहोरे खोला हाइड्रो पावर क.लि. | ५१८.४४ | २६.६९ | ५.४३ |
| दोर्दी खोला जलविद्युत् क.लि. | २९२.३२ | १३.३३ | ४.७८ |
| लिवर्टी इनर्जी क.लि. | २४२.०९ | १०.५१ | ४.५४ |

सर्वाधिक मूल्य घटेका पाँच कम्पनी

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| सम्पदा लघुवित्त वित्तीय संस्था लि. | ९४२.२१ | -४७.६३ | -४.८१ |
| समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | ९२९.३१ | -३४.०१ | -३.५३ |
| नेपाल रिपब्लिक मिडिया लि. | ५४४.०६ | -१८.९२ | -३.३६ |
| नेपाल माइक्रो इन्स्योरेन्स क.लि | १४४३.०५ | -३७.४० | -२.५३ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ८३८.८४ | -१३.९६ | -१.६४ |

सर्वाधिक कारोबार भएका पाँच कम्पनी

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क.लि. | २१७,५२८,८३१.८० | १,५६०.३० |
| बुटवल पावर क.लि. | २०९,५९८,५९९.०० | ८४०.०० |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | १८७,५४७,४५७.५० | २,२१०.०० |
| कालिका पावर क.लि. | १८०,५३२,५६०.६० | ६२८.०० |
| हिमालयन डिस्टिलरी लि. | १७६,६७२,८६६.२० | १,३७९.०० |

## नागरिक लगानी कोषको अध्यक्षमा घिमिरे



काठमाडौं (संवाददाता)- नागरिक लगानी कोषको सञ्चालक समिति अध्यक्षमा तुलसीप्रसाद घिमिरे नियुक्त भएका छन्। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले घिमिरेलाई भदौ १ देखि लागू हुनेगरी अध्यक्ष नियुक्त गरेका हुन्।

घिमिरेले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एमफिल, एमए र एमपीए गरेका छन्। उनी नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट अवकाश व्यक्ति हुन्। राष्ट्र बैंकको सेवामा उनी सूचना प्रविधि, मानव संशाधन, विदेशी विनिमय, बैंकिङ र अनुसन्धान लगायतका विभागमा काम गरेका थिए।

## डीपलको उड्ने ट्याक्सी प्रधानमन्त्रीबाट सार्वजनिक गरिने

news 24

**काठमाडौं, भदौ २**



नाडा अटो शो २०२५ मा नेपालकै पहिलो ईभीटोल डीपलको उड्ने ट्याक्सी प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक गर्ने भएका छन्। एमएडब्लू वृद्धिले चिनियाँ कार निर्माता चांगान अटोसँग सहकार्य गरेर नेपालमा नयाँ युगको मोबिलिटीको सुरुआत भएको सन्देश दिन उड्ने कार नाडा अटो सोमा प्रदर्शनीमा राख्न लागेको हो।

एमएडब्लू वृद्धिले नेपालमै पहिलो पटक मानव आकारको ह्युमनोइड रोबोटहरू पनि प्रदर्शनीमा राख्नेछ जसले आगन्तुहरूसँग प्रत्यक्ष संवाद गर्दै मानिसको जस्तो गतिविधि देखाउनेछ। जसले नाडा अटो शोलाई नयाँ युगको आगमनको उत्सव बनाउने आयोजकको दाबी छ।

नयाँ प्रविधिहरूसँगै नाडा अटो शोमा डीपल तथा अवतारका फ्युचरिस्टिक कारहरू डीपल एस ०५, एस ०७ आईसीए, ई ०७ र अल्ट्राप्रिमियम अवतार ११ प्रदर्शनीमा राखिनेछन्। गत नेपालमा सार्वजनिक गरिएको डीपल एस ०५ ले राम्रो प्रतिक्रिया दिएको कम्पनीले जनाएको छ। लक्जरी, स्टाइल र टेक्नोलोजीको विशिष्ट सम्मीश्रणकै कारण यो नयाँ एसयूभी लोकप्रिय बन्न पुगेको हो।

एमएडब्लू वृद्धिका प्रबन्ध निर्देशक विवेक सिकारियाले नेपालमा पहिलो पटक प्रधानमन्त्रीबाट उड्ने ट्याक्सी सार्वजनिक गर्न पाउनु आफूहरूको लागि उपलब्धि भएको बताए। उनले भने, 'उड्ने कार, ह्युमनोइड रोबोट र डीपलका डिस्रप्टिक ईभी लाइनअपलाई प्रदर्शनमा राखेर हामीले नेपालको मोबिलिटीको भविष्यलाई पुनर्परिभाषित गर्दैछौं।'

## मलेसियन इलेक्ट्रिक गाडी प्रोटोन ई.मास सेभेन नेपाली बजारमा

काठमाडौं (संवाददाता)- मलेसियाको अटो ब्रान्ड प्रोटोनको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले इलेक्ट्रिक गाडी प्रोटोन ई.मास सेभेन नेपाली बजारमा सार्वजनिक गरेको छ। यो गाडी मलेसियामै विकसित भएको हो।

जगदम्बा मोटर्सले सन् २०१८ नोभेम्बरदेखि प्रोटोनसँग साझेदारी गर्दै आएको छ। जसले प्रोटोनको अन्तर्राष्ट्रिय विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कम्पनीको दाबी छ। नेपाल प्रोटोनका लागि रणनीतिक बजार बनेको छ भने जगदम्बा मोटर्सले विगत १४ वर्षको अटो अनुभवमार्फत आधार तयार गरेको छ।

प्रोटोन ई.मास सेभेन, प्रोटोन र गिलीको सहकार्यमा बनेको मोडल हो, जसले विश्वस्तरीय प्रविधि र क्षेत्रीय बजारका आवश्यकता अनुसारको डिजाइन प्रस्तुत गरेको छ। विद्युतीय गाडी सार्वजनिक गर्न आयोजित कार्यक्रममा प्रोटोनका सीईओ डा. ली चुनरोंग काठमाडौं आएका थिए, जसले नेपालको बजारप्रति कम्पनीको दीर्घकालीन प्रतिबद्धता देखाउनले जगदम्बा मोटर्सले जनाएको छ।

जगदम्बा मोटर्सले २०२५ भित्रै १२ वटा शोरुम र सर्भिस सेन्टर सञ्चालन गर्ने योजना सार्वजनिक गरेको छ। साथै, जेन्यूइन प्रोटोन स्पेयर पार्ट्स, गिली-प्रोटोन प्रमाणित प्राविधिक, अत्याधुनिक डायग्नोस्टिक उपकरण र विश्वस्तरीय ग्राहक सेवा उपलब्ध गराउने तयारी गरेको छ।




दाङको तुलसीपुर- १२ टरिगाउँमा रहेको सिद्धिविनायक फर्निचर उद्योगमा सोमबार लागेको आगो निभाउँदै दमकल।

*तस्बिर : रासस*

## डब्लूवान कार्टिङ च्याम्पियन्सिप हुँदै



काठमाडौं (संवाददाता)- नेपालमा पहिलोपटक 'डब्लूवान कार्टिङ च्याम्पियन्सिप' आयोजना हुने भएको छ। द वन्डरल्यान्ड गेम जोनले सोमबार पत्रकार सम्मेलन गरी मोटरस्पोर्ट इभेन्टबारे जानकारी दिएको हो। यस इभेन्टमार्फत नेपालमा कार्टिङ रेसिङलाई नयाँ उचाइमा पुऱ्याउने बताइएको छ।

अन्तर्राष्ट्रिय मापदण्डअनुसार आयोजना हुने यो प्रतियोगिता आगामी अगष्ट २९ देखि ३१सम्म सञ्चालन हुनेछ। तीन दिनसम्म चल्ने च्याम्पियनसिपले नेपालमा मोटरस्पोर्ट संस्कृतिलाई नयाँ स्तरमा पुऱ्याउने, युवामाझ उत्साह जगाउने र अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धी ड्राइभर उत्पादन गर्ने आयोजकले जानकारी दिएको छ।

इभेन्टमा सबै उमेर समूह सहभागी हुन सक्नेछन्। परिवार र साथीभाइसँग रमाइलो गर्ने अवसरसहित, कार्टिङ रेसिङलाई नेपालमा लोकप्रिय बनाउन च्याम्पियनसिपले योगदान पुऱ्याउने विश्वास पनि आयोजकको छ।

वन्डरल्यान्ड नेपाल, देशकै शीर्ष मनोरञ्जन पार्कका रूपमा परिचित छ। हालसम्म थ्रिल राइड्स, भर्चुअल रियालिटी, मोटराइज्ड जिपलाइन, प्रोजेक्सन बोलिङ, ट्राम्पोलिन, आउटडोर राइड्स, आर्केड गेम्सलगायत विविध गतिविधिबाट आगन्तुकलाई आकर्षित गर्दै आएको छ।

## सामसङको भिजन एआईसहितको टिभी

काठमाडौं (संवाददाता)- सामसङले आफ्नो प्रिमियम क्यूएलईडी टिभी मोडेलको नयाँ लाइनअप नेपाली बजारमा सार्वजनिक गरेको छ। यो टिभीमा सामसङ भिजन एआई प्रविधि उपलब्ध रहेको छ। जसले नयाँ पुस्ताको एआई क्षमतासहित घरायसी मनोरन्जनलाई नयाँ अनुभव दिनेछ।



सामसङको यो नयाँ शृंखलाले टिभीसँग प्रयोगकर्ताको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने र ग्राहकको दैनिकीलाई अझ समृद्ध बनाउने बताइएको छ।

सामसङले क्यूएलईडी टिभी लाइनअप नेपालभरिका सबै आधिकारिक सामसङ रिटेल स्टोरहरूमा उपलब्ध हुने जनाएको छ। सामसङले उपभोक्ताहरूका लागि क्रिस्टल युएजडी, एफएचडी र एचडी टिभीहरूको लाइनअप पनि क्यूएलईडी टिभीसँगै बजारमा ल्याएको छ। ग्राहकले क्यूएलईडी टिभी सजिलैसँग ईएमआईमा प्राप्त गर्न सक्नेछन्।

## दशैं तिहारमा हुन्डाइको १० गुणा उपहार

news 24

**काठमाडौं, भदौ २**




नेपालका लागि हुन्डाइ गाडीको अधिकृत बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले दशैं तिहार लक्षित अफर सार्वजनिक गरेको छ। हुन्डाइले 'दशैं-तिहार, १० गुणा उपहार' नामको अफर ल्याएको हो।

कम्पनीले दशैं, तिहार र छठको उत्सवलाई रोचक एवं हर्सोल्लास बनाउन यो अफर ल्याएको जनाएको छ। अफरअन्तर्गत, ग्राहकहरूले ८ लाख रुपैयाँसम्मको आकर्षक नगद छुट पाउन सक्नेछन्। साथै, स्क्र्याच कार्डमार्फत १० लाख रुपैयाँसम्मको थप छुट जित्ने अवसर पनि पाउनेछन्। यसका साथै, ग्राहकहरूले २० हजार रुपैयाँसम्मको लोयल्टी बोनस पाउनेछन्। प्रत्येक गाडी खरिदमा १ वर्षको निःशुल्क कम्प्रिहेन्सिभ इन्स्योरेन्स र सडक कर पनि उपलब्ध हुनेछ।

हरेक हुन्डाइ गाडीमा ३ वर्षको वारेन्टी र ६ वर्षसम्मको निःशुल्क सर्भिसिङ सुविधा पाउने कम्पनीले जनाएको छ। जसले गाडीको गुणस्तर, भरपर्दोपन र दीर्घकालीन ग्राहकको सन्तुष्टिप्रति प्रतिबद्धता झल्काउने छ।

हुन्डाइ नेपालले सबै अटोप्रेमीहरू र सम्भावित ग्राहकहरूलाई नजिकैको हुन्डाइ शोरुममा पुगेर उपहार सुविधा लिन आग्रह गरेको छ। उपहार योजना भदौ २ देखि सुरु भएको पनि कम्पनीले जनाएको छ।

## मुलुकभर ९४.१५ प्रतिशत धान रोपाइँ

काठमाडौं। मुलुकभर हालसम्म ९४.१५ प्रतिशत धान रोपाइँ भएको छ। गत वर्ष सोही अवधिमा ९८.४४ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको थियो। कृषि विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ९९.७२ रोपाइँ भएको छ। मनसुन ढिला सक्रिय भएकाले मधेश प्रदेशमा सबैभन्दा कम ८६.३५ प्रतिशत रोपाइँ भएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए।

हालसम्म कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९८.०७ प्रतिशत रोपाइँ भएको छ भने बागमती प्रदेशमा ९७.२७ प्रतिशत, गण्डकी प्रदेशमा ९४.८३ प्रतिशत र कोशी प्रदेशमा ९४.४२ प्रतिशत रोपाइँ भएको छ।

देशभर करिब १३ लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको छ। मुलुकभरि करिब १४ लाख हेक्टर जमिन खेतीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। भदौ दोस्रो सातासम्म केही प्रतिशत रोपाइँ वृद्धि हुने अनुमान गरिएको छ।

धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ। तराईमा कुल उत्पादनको ७० प्रतिशत र पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जनाइएको छ। आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन धान उत्पादन भएको थियो। यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल उत्पादन हुने जनाइएको छ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

**खाताहरु समायोजन र बचत खातामा प्रदान गरिएको सुविधाहरु हटाइएको सम्बन्धमा**

प्रकाशित मिति: २०८२/०५/०३

यस सिटिजन्स बैंकद्वारा ग्राहक वर्गहरूको सेवामा प्रदान गर्दै आइएको विभिन्न १३ वटा बचत खाता योजनाहरू (Citizens Ghar Dailo Deposit, Citizens Golden Savings Account, Citizens Mofashal Bachat Khata, Citizens Rastrasewak Savings Account, Citizens Sahayogi Saving Deposit Account, Citizens Special Savings Account, Citizens Special Super Savings Account, Citizens Srijana Premium Savings Account, Citizens zero Balance Saving Account, Citizens Srijana Savings Account, Citizens Super Savings Account, Citizen Tinau Misson Normal Saving, Citiz Tinau Misson Premium Saving) लाई समायोजन गरि एकल "Citizens Normal Savings Account" मा समाहित हुन गहिरहेको व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरूमा जानकारी गराउन चाहन्छौं। साथै, समायोजन हुने खाताहरूको खाता नम्बर यथावत नै रहने व्यहोरा जानकारी गराउन्छौं।

**साथै, हाम्रा विभिन्न बचत खाता योजनाहरूमा निम्न उल्लेखित परिवर्तनहरू गरिएको छ :**

- Citizens Bishesh Bachat Khata, Citizens Normal Savings Account, Citizens Hamro Karnali Bachat khata, Citizens Privilege Saving Accounts, Citizens Samrakshit Bachat खातामा पहिलो वर्षको निःशुल्क डिम्याट सेवा बन्द गरिएको।
- Citizens Dasak Saving खातामा रहेको पहिलो वर्षको निःशुल्क डिम्याट सेवा र Locker Issuance Charge मा रहेको ५०% छुटको सेवा हटाइएको।
- यी परिवर्तनहरू यसै भदौ २०८२ देखि लागु हुनेछन्।

यस सम्बन्धी थप जानकारीका लागि हाम्रो बैंकको वेबसाइट वा नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गर्न चाहन्छौं। यस बाट ग्राहकवर्गहरूमा पर्न गएको असुविधाका लागि हामी क्षमाप्रार्थी छौं।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२८८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२८०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER

# र्‍याप नचाउँदै विद्रोह जगाउँदै



नेपाली गीत सङ्गीतमा 'र्‍याप' ले छुट्टै स्थान बनाइसकेको छ। भनिन्छ, 'र्‍यापले नचाउँछ, विद्रोहको भाव जगाउँछ र नयाँ पुस्ताको प्रतिनिधित्व पनि गर्छ।'

लोकगीत र सुगम सङ्गीत नेपालमा रुचाइने सदाबहार विधा हुन्। यद्यपि नयाँ पुस्ता र्‍यापतर्फ उत्तिकै आकर्षित छन्।



र्‍यापलाई 'एक्प्रेस योर सेल्फ' भन्ने गरिन्छ। र्‍यापले आफ्नो भोगाई र समाजको देखाई व्यक्त गर्ने र्‍यापरहरू बताउँछन्। पछिल्लो समय नेपाली र्‍याप र र्‍यापरको चर्चा अन्तरराष्ट्रिय स्तरमा हुन थालेको छ। विदेशी र्‍यापरले नेपाली र्‍यापरको चर्चा गरेपछि यसप्रतिको आकर्षणबारे अनुमान गर्न सकिन्छ। सीमित समूहमा रहेको र्‍यापको चर्चा अहिले अन्तरराष्ट्रियस्तरसम्म पुगेको छ। पछिल्लो समय र्‍यापको सुनौलो युग आएको र्‍यापर गिरिश खतिवडा बताउँछन्।

'हामी कलाकारका लागि र्‍याप एउटा थेरापी जस्तै हो, मनको कुरा पोख्न पाएका छौं। र्‍यापले गाउँको समस्या सहरसम्म र सहरको समस्या गाउँसम्म बुझाएको छ, किनकि म आफैं शहरमा बस्न थालेपछि गाउँलाई र्‍यापमार्फत चिन्ने गरेको छु', र्‍यापर खतिवडाको भनाइ छ।

उनले र्‍यापलाई मनको कुरा भन्ने माध्यमको रुपमा बुझेका छन्। अन्य माध्यमको तुलनामा सजिलै भावना व्यक्त गर्न सकिने माध्यम र्‍याप रहेको उनको बुझाइ छ।

अर्का र्‍यापर मानस घलेले नयाँ पुस्तामा र्‍यापप्रति बढेको आकर्षणले सङ्गीतमा छुट्टै स्थान बनाउन सफल भएको बताए। 'हामीले र्‍यापलाई नेपालभर लग्ने प्रयास गरेका थियौं तर अहिलेको पुस्ताले यसलाई अन्तरराष्ट्रियकरण गरेको छ। नेपाली भाषा नबुझ्ने पनि हाम्रो स्रोता बन्नुभएको छ। अहिले र्‍याप गाएरै जीविकोपार्जन गर्न सकिन्छ,' उनले भने।


र्‍यापप्रति सामाजिक धारणा फेरिएकै कारण काठमाडौं महानगरपालिकाले र्‍यापर बालेनलाई प्रमुखको रुपमा पाएको उनले बताए। पछिल्लो समय नवोदितसँगै पुराना र्‍यापरको माग स्टेज कार्यक्रममा बढ्दो छ। नेपाल मात्र नभई विदेशमा उत्तिकै लोकप्रिय छन्, र्‍यापर। यद्यपि र्‍यापलाई बदनाम गर्नेको कमी नरहेको र्‍यापर हाकिमको भनाइ छ।

'र्‍याप भनेको भावना व्यक्त गर्ने भएकाले यसमा बन्देज हुँदैन, त्यसकारण हामीले मनमा लागेको शब्दलाई कुनै फिल्टर नगरी बाहिर ल्याउँछौं। तर, यसो भन्दैमा अश्लीलतालाई प्रवर्द्धन गरेका भने होइनौं। जसले अश्लील, अपाच्य शब्दकै सहारामा मात्र र्‍याप बनाउने गरेका छन्, ती चर्चाका लागि मात्र आएका हुन्। किनकि र्‍यापमा वेदना, भोगाइ र बुझाइ हुन्छ,' हाकिमको भनाइ छ।

अहिले र्‍यापको अवस्था नेपालमा राम्रो देखिनु खुसीको कुरा रहे पनि र्‍यापरले परिवेश र भविष्य हेर्ने भन्दा आफ्नो भावना व्यक्त गर्ने र्‍यापर खतिवडा बताउँछन्। 'हामीले र्‍याप हान्ने हो, आफूलाई व्यक्त गर्ने हो। यसको भविष्य के होला, वा हाम्रो स्कोप कस्तो छ भनेर सोच्ने होइन। र्‍यापले मलाई खुसी र सन्तुष्टि दिएको छ, त्यही भएर म अहिलेसम्म सक्रिय छु,' उनले भने।

उनले र्‍यापमा आएको परिवर्तन र नयाँपुस्ताको भोगाइलाई आफूले गीतमार्फत थाहा पाउने बताए। यसका लागि उनी नयाँ र्‍याप सुन्छन्। अर्का र्‍यापर घलेले अहिले विभिन्न रियालिटी शोहरू निर्माण भइरहेकाले र्‍यापमा भविष्य खोज्नेलाई सहज भएको बताए।

र्‍यापर हाकिमले 'जी-बब' जस्ता र्‍यापर 'रियालिटी शो' मार्फत आएको बताए। उनीसहितको टोलीले विभिन्न शो गर्ने गरेको छ। 'अहिले नेपाल मात्र नभई विदेशमा हुने कार्यक्रममा सहभागिता जनाउन सके र्‍यापरका लागि उत्तम समय छ। आउँदा दिन झनै राम्रो देखिएको छ। अहिले र्‍यापलाई लिएर सामाजिक धारणा फेरिएको छ,' र्‍यापर हाकिमले भने, 'अहिले बढिरहेको लोकप्रियताले र्‍याप नबुझी लोकप्रियताका लागि मात्र आउनेलाई यहाँ टिक्न दिँदैन।' उनको 'राक्षस', 'चोरी देउ लौन मलाई' लगायतका र्‍याप लोकप्रिय छन्। र्‍यापमा भविष्य खोजिरहेका युवाहरूको जमात दिनदिनै बढ्दो छ।



# कवि नन्दनको निधन



कवि तथा सङ्गीतकार प्रेम विनोद नन्दनको आइतबार राति निधन भएको छ। लामो समयदेखि अस्वस्थ रहनुभएका नन्दनको ९० वर्षको उमेरमा चितवन मेकिडल कलेज (सिएमसी) शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको हो।

नारायणी कला मन्दिरका पूर्वअध्यक्ष अमर प्रधानका अनुसार नन्दन लामो समयदेखि श्वासप्रश्वास लगायतका समस्याबाट पीडित थिए। २०११ सालमा 'झटारो' गीतिसंग्रह प्रकाशन गरेर नेपाली गीत सङ्गीत र साहित्य क्षेत्रमा प्रवेश गरेका नन्दन गजल, कविता तथा अन्य काव्यमा कलम चलाएका छन्।

उनका धेरै गीत चलचित्र क्षेत्रमा चर्चित छन्। उनका गीति संग्रह अञ्जली २०२३, सपनीबाट ब्यूँझेर २०२३, विपनीका पाइलाहरू २०५२, ऐनाभित्रको आकाश २०६३, सिद्धार्थको ग्रह त्याग लघु काव्य २०७४ र पत्रम् पुष्पम् कविता संग्रह २०७७ मा प्रकाशित भएका थिए।

यस्तै राष्ट्रिय गान छनोटका क्रममा उनको गीत उत्कृष्ट १० भित्र पर्न सफल भएको थियो। नन्दनले लामो समय बागिश्वरी, दोभान, मारुनी, गोधुली लगायतका साहित्यिक पत्रिका पनि सम्पादन गरेका थिए। अनौपचारिक शिक्षा आर्जन गरेर गीत, संगीत र साहित्यमा लागेका नन्दन गायक, सङ्गीतकार तथा कलाकार पनि थिए।

१९९२ जेठ १९ गते तनहुँको बन्दीपुरमा जन्मिएका नन्दन पछि बसाइँ सरेर चितवनको नारायणगढ आएका थिए। उनले छिन्नलता गीत पुरस्कार २०५४, चिसाप प्रतिभा पुरस्कार २०५२, चिसाप कृष्णकुमारी गुरुङ पुरस्कार २०६४, नारायणी प्रज्ञा पुरस्कार २०७८, राष्ट्रिय स्रष्टा सम्मान २०७७ लगायतका सम्मान तथा पुरस्कार प्राप्त गरिसकेका छन्। उनलाई रथारोहण तथा सम्मानसमेत गरिएको थियो।

उनको पार्थिव शरीरको सोमबार धार्मिक तीर्थस्थल देवघाटमा अन्त्येष्टि गरियो। नन्दन नारायणी कलामन्दिरको पूर्वअध्यक्ष र सल्लाहकार पनि थिए। उनका श्रीमती, तीन छोरा र तीन छोरी छन्।

# शब्दकोशमा अर्थहीन शब्द

क्याम्ब्रिज विश्वविद्यालयले निकाल्ने शब्दकोश 'क्याम्ब्रिज डिक्सनरी'मा यो वर्ष हजारौं नयाँ शब्दहरू समावेश गरिएका छन्। तीमध्ये त केही शब्दहरू यति अर्थहीन छन् कि सुनेर हाँसो नै उठ्छ।

तीमध्ये केही शब्द 'स्किबिडी', 'ट्र्याडवाइफ' पनि हुन् र सामाजिक सञ्जालमा लोकप्रिय अन्य स्ल्याङ शब्दहरू क्याम्ब्रिज डिक्सनरीमा थपिने हजारौं नयाँ शब्दहरूमा समावेश गरिने भएको छ। 'स्किबिडी' बडो अर्थहीन शब्द हो। युट्युबमा भाइरल भएको एनिमेटेड भिडियो शृंखलाका सर्जकले बनाएका थिए। जब, ट्र्याडवाइफ 'ट्रेडिसनल वाइफ' (परम्परागत पत्नी) को छोटो रूप हो। भनाइको अर्थ, एउटी विवाहित स्त्री जो खाना पकाउँछिन्, सफाइ गर्छिन् र सामाजिक सञ्जालमा पोष्ट गर्छिन्, तिनलाई ट्र्याडवाइफ भनिन्छ।

यसपाला छ हजारभन्दा बढी नयाँ शब्दहरू थपिएका छन्, जसमा प्रविधि कम्पनी र रिमोट वर्क (दूर-कार्य)सँग सम्बन्धित शब्दहरू पनि परेका छन्।

'इन्टरनेट संस्कृतिले अंग्रेजी भाषालाई परिवर्तन गरिरहेको छ र यो प्रभावलाई अवलोकन गर्न र डिक्सनरीमा समेट्नु निकै रोचक काम बन्न पुगेको छ,' लेक्सिकल प्रोग्राम म्यानेजर कोलिन म्याकिन्टोसले बीबीसीसँग भने।

स्किबिडीको परिभाषा डिक्सनरीमा 'यो शब्दले विभिन्न अर्थ राख्न सक्छ, जस्तै 'कूल' वा 'खराब', वा मजाकको रूपमा कुनै वास्तविक अर्थ बिना प्रयोग गर्न सकिन्छ' भनिएको छ। यसको प्रयोगको उदाहरण हो, 'व्हाट द स्किबिडी आर यु डुइङ ?'

रियालिटी टिभी स्टार किम कार्दशियनले इन्स्टाग्राममा युट्युब शृंखलाको नाम 'स्किबिडी ट्वाइलेट' लेखिएको भिडियो पोस्ट गर्दै यो शब्दसँग परिचित भएको खुलासा गरिन्।

नयाँ वाक्यांशहरूका साथै, केही छोट्याइएका शब्दहरू पनि थपिएका छन्, जस्तै 'डिलुलु' - डिल्युजनल (भ्रमपूर्ण) शब्दको छोटो रूप हो। यसको परिभाषा यस्तो छः 'वास्तविक वा सत्य नभएका कुराहरूमा विश्वास गर्नु, सामान्यतः तपाईंले त्यसलाई विश्वास गर्नुहुन्छ।'


महामारीपछि 'रिमोट वर्क' मज्जैले मौलायो। त्यसबेला 'माउस जिगलर' शब्द निकै चर्चित रह्यो। यसको अर्थ हुन्छ, काम नगर्दा पनि काम गरिरहेको जस्तो देखाउन प्रयोग हुने उपकरण वा सफ्टवेयर। यतिबेला सो शब्दले पनि शब्दकोशमा ठाउँ पाएको छ।

कामसँग सम्बन्धित अन्य शब्दहरूमा 'वर्क वाइफ' र 'वर्क स्पाउस' पनि समावेश छन्। कार्यस्थलमा दुई व्यक्तिले एकअर्कालाई सहयोग र विश्वास गर्ने सम्बन्धलाई स्वीकार गर्नु 'वर्क वाइफ' वा 'वर्क स्पाउस' हो।

केही संयुक्त शब्दहरू पनि थपिएको छ। उदाहरणका लागि 'ब्रोलिगार्की'। 'ब्रो' र 'ओलिगार्की' जोडेर बनेको यो शब्दको अर्थ हो, 'पुरुषहरूको सानो समूह, विशेष गरी प्रविधि व्यवसायमा संलग्न वा मालिक रहेका पुरुषहरू, जो अत्यन्त धनी र शक्तिशाली छन् र जसले राजनीतिक प्रभाव राख्छन् वा चाहन्छन्।'

यो शब्द डोनाल्ड ट्रम्पको जनवरीमा भएको उद्घाटन समारोहमा सहभागी प्रविधि नेताहरू जेफ बेजोस, एलन मस्क र मार्क जुकरबर्गलाई वर्णन गर्न प्रयोग गरिएको थियो। म्याकिन्टोसले भने, 'क्याम्ब्रिज डिक्सनरीले केवल ती शब्दहरू मात्र थप्छ, जुन शब्दले आफूलाई समयसँगै आफूलाई प्रमाणित गर्ने विश्वास गरिन्छ। स्किबिडी र डिलुलु जस्ता शब्दहरू क्याम्ब्रिज डिक्सनरीमा प्रवेश गरेको देख्न पाउनु

# अमीषाको झोला शोख



कसैलाई केको शोख, कसैलाई केको भनेझैं भारतीय अभिनेत्री अमिषा पटेललाई भने झोलाको शोख भएको एउटा पडकास्टमार्फत खुलासा गरेकी छन्। उनले फिल्म निर्देशक फराहा खानसँगको पोस्टकाडमा आफ्नो ब्याग देखाउँदै भनेकी छन्, 'मसँग अहिले करीव चार सयभन्दा बढी लक्जरी ब्याग छन्। ती ब्यागप्रति मेरो आशक्ति नभएको भए म मुम्बईमो पेन्टहाउसमा राज गरिरहेकी हुन्थें।'

'कहो न प्यार है' फिल्ममार्फत बलिउडमा छिरेकी पटेलले १२ वर्षको उमेरदेखि यस्ता ब्याग संग्रह गर्न थालेको बताइन्। उनी भन्छिन्, 'मलाई दुर्लभ ब्याग, महँगा जुत्ता र डिजाइनर लुगा संग्रह गर्ने रोग छ।'

यी ब्यागहरूको मूल्य लाखौंदेखि करोडौंसम्म पर्ने पनि उनले पडकास्टमा बताएकी छन्। उनीसँग लक्जरी घडीहरू पनि रहेको बताइन्। यस्तै पडकास्टमा उनका जुत्ताका कुरा पनि गरिएका थिए। चुच्चा जुत्ताहरू देखेर निर्देशक फराह खानले भनिन्, 'यी यति चुच्चा छन् कि एक प्रहारमा कसैको हत्या गर्न सकिन्छ।' जवाफमा अमीषाले भनिन्, 'यी रातिहुँदी लगाएर निस्कने जुत्ता हुन्। म मेरो रक्षा गर्न यसलाई प्रहार गर्न सक्छु। मेरो घरमा चोरी गर्न आए भने यिनै जुत्ताले हान्न सक्छु।' ती जुत्ताको मोल ८० हजारदेखि एक लाख रुपैयाँसम्म रहेको उनले बताइन्।

जुन बेला अमीषा फिल्म उद्योगमा आएकी थिइन्, सबैभन्दा पढेलेखेकी अभिनेत्रीको परिचय पनि थपेकी थिइन्। उनी किताब पढ्ने र संकलन गर्ने कुराको शौखिन पनि हुन्। उनको घरमा किताबको चाङ देखेर छक्क परिरहेकी फराहलाई भनिन्, 'प्रायः एउटा किताब पढ्न मलाई तीन दिन लाग्छ। तर पढिसकेपछि म प्रायः किताब बाँडिदिने हुनाले मसँग उति धेरै किताब छैनन्। म किताब बाँड्ने र ज्ञान छर्ने कुरामा विश्वास गर्छु।'

यो सुनेर फराहाले ठट्टा गर्दै भनिन्, 'तिमीले यी जुत्ता बाँड्ने कुरामा भने रुचि राख्नु पर्थ्यो। त्यसो हुँदा म हरेक दिन तिम्रो ढोकामा एउटा उपहार माग्न उभिने थिएँ!'



# चुनवाङ शान्ति संग्रहालयका लागि चित्र र मूर्ति



**नारायण ढुंगाना**
**काठमाडौं, भदौ २**

सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण राजनीतिमा रूपान्तरण गर्ने निर्णय गरेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठक बसेको ऐतिहासिक स्थानमा बन्दै गरेको 'चुनवाङ शान्ति संग्रहालय'का लागि काठमाडौंमा कला सिर्जनाको काम भइरहेको छ।

चित्रकला करिब-करिब तयार भएका छन् भने मूर्तिकला निर्माणाधीन रहेका छन्। त्यहाँ राख्न नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग ३० देखि ३५ वटासम्म चित्रकला र ४० वटाभन्दा बढी मूर्तिकला निर्माणका लागि भएको सम्झौताअनुसार अहिले काठमाडौंमा कला सिर्जना भइरहेको छ। सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वप्रमुख पूर्णबहादुर घर्तीले चुनवाङस्थित बैठक बसेको घर र माओवादी अध्यक्ष बसेको घर संरक्षण गरी सोही ऐतिहासिक निर्णय भएको स्थानलाई शान्ति संग्रहालय बनाउने गरी काम भइरहेको बताए।

त्यसका लागि सशस्त्र द्वन्द्वका बेला भएका घटनाक्रम, बैठक, त्यसबेलाका माओवादीका गतिविधि समेट्ने गरी चित्र र मूर्ति निर्माण भइरहेको उनले बताए। एक हजारभन्दा बढी तत्कालीन अवस्थाका तस्विरसमेत संग्रहित रहने छन्। छुट्टै नयाँ भवन बनिरहेको छ।

२०६२ असोजमा रुकुमपूर्व (हालको भूमे गाउँपालिका ९ चुनवाङमा बसेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठकले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न संसदीय राजनीतिक शक्तिसँग सहकार्य गर्ने निर्णय गरेको थियो।

त्यसैको जगमा तत्कालीन संसदीय राजनीतिक दल र माओवादीबीच दिल्लीमा १२ बुँदे समझदारी भएको थियो। तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि संसदीय राजीतिक दल रुष्ट रहेका बेला त्यसैलाई उपयोग गर्ने गरी माओवादीको उक्त बैठक बसेको सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वप्रमुख घर्ती बताउँछन्।

घर्ती उक्त बैठककमा सूचना संकलन तथा बैठकका विषय टिपोर्ट गर्ने जिम्मेवारीमा रहेका थिए। त्यसैले संग्रहालय स्थापनाका लागि उनी सक्रिय भइरहेका छन्।

उनले हालैमात्र संग्रहालयका लागि निर्मित चित्रकला तथा मूर्तिकला अवलोकन गरे। अवलोकनपछि उनले भने, 'त्यो बेलाका दृश्य जस्तो हुन्थ्यो, त्यस्तै चित्र, मूर्ति सिर्जना होस् भन्ने चाहना हाम्रो छ, कुनै बढाइचढाइ गर्नुपर्ने जरुरी छैन, हेर्दा जस्ताको तस्तै देखियोस्।' चित्र अवलोकनपछि आवश्यक परिमार्जनका लागि कलाकारहरूलाई उनले सुझाव पनि दिएका छन्।

त्यही चुनवाङ बैठकले लिएको निर्णयले दुई राजनीतिक शक्ति एक ठाउँमा उभिएका र त्यसैको बलमा २०६२/२०६३ मा जनआन्दोलन भयो। त्यसपछि माओवादी शान्ति प्रक्रियामा आएको थियो।

'अहिलेसम्म जेजे उपलब्धि भए, संविधान जारी भयो, संघीय राज्य स्थापना भयो, समावेशी र समाजवाद उन्मुख संविधानको जग त्यही थियो र अहिले महिला, आदिवासी जनजाति दलित उत्पिडित वर्षहरूका लागि भएको ऐतिहासिक निर्णयको जग त्यही थियो,' घर्तीले भने।

लुम्बिनी प्रदेश सरकारले २०६९ सालमै चुनवाङ शान्ति संग्रहालय विकास समिति गठन आदेश जारी गरिसकेको छ। सोही आधारमा बैठकस्थलको पुरानो भवन संरक्षण गरिएको छ भने नयाँ भवन पनि बनिरहेको छ।

उक्त शान्ति संग्रहालयमा राख्ने गरी कलाकारले माओवादीले हतियार बोकेर गाउँगाउँ हिँडेका, उनीहरूले सांस्कृतिक कार्यक्रम देखाएका र दोहोरो भीडन्त भएका, गाउँ समाजमा माओवादी लडाकुहरू घुम्दाका अवस्था तथा चुनवाङ बैठककै गतिविधिसमेत कलामा उतारेका छन्। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको मूर्तिकला विभाग प्रमुख तथा प्राज्ञ परिषद् सदस्य दिनेश्वर महतो त्यो ऐतिहासिकस्थललाई विश्वसामु नै चिनाउनुपर्छ भनेर स्थापना हुन लागेको शान्ति संग्रहालयमा प्रतिष्ठान जोडिन पाएकामा खुसी व्यक्त गरे। उनले कलाकारलाई स्थलगत रुपमै लगेर पनि कला सिर्जना गराउने सोच रहेको सुनाए।

प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले देशका धेरै पालिकामा यस्ता संग्रहालय बन्ने क्रममा रहेको तर यो चुनवाङ संग्रहालय भने विशिष्ट पहिचान बोकेको बताए। भूमे गाउँपालिकासँग सम्झौता भएर काम गर्न पाउनु प्रतिष्ठानका लागि महत्त्वपूर्ण भएको उनले बताए। यसले आगामी दिनमा अन्तरराष्ट्रिय रुप लिने उनले विश्वास गरे।

मुख्यतः तत्कालीन संसदीय राजनीतिक दलसँग १२ बुँदे सहमतिपछि पहिलो कार्यादेशअनुसार माओवादी शान्ति प्रक्रियामा आएको थियो। त्यसैको स्मरणमा यहाँ चुनवाङ शान्ति संग्रहालय बनाउन लागिएको हो।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला